
# मधेश प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्ध-वार्षिक प्रतिवेदन
## (आ.व.२०८१/८२)




मधेश प्रदेश

**नेपाल राष्ट्र बैंक**
**जनकपुर कार्यालय**
(२०८२ असार)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन, २०७३ समेत) को दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मूल्य स्थिरता, मुद्राप्रदाय, निक्षेप, कर्जा, सरकारी वित्त, वैदेशिक व्यापार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा तथ्याङ्क संकलन तथा विश्लेषण गरी सोको नियमित रुपले प्रकाशन गर्नुपर्ने व्यवस्थाबमोजिम यस कार्यालयले देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कहरूको संकलन, अध्ययन एवम् विश्लेषण गरी सोसम्बन्धी प्रतिवेदनहरू नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकको प्रादेशिक कार्यालय स्थापना गरिनुका साथै आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका जिल्लाहरूको संख्या ७७ पुऱ्याइएको छ । मधेश प्रदेशको यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)"** मा आधारित भई तयार पारिएको छ । उक्त मार्गदर्शन अनुसार मधेश प्रदेशका ८ वटा जिल्लाहरू मध्ये जनकपुर कार्यालय अन्तर्गतका ५ वटा जिल्ला (सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही) तथा वीरगञ्ज कार्यालय अन्तर्गतका ३ वटा जिल्ला (रौतहट, बारा र पर्सा) सहितको आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्ध-वार्षिक अवधिमा भएका आर्थिक गतिविधिहरूको तथ्याङ्क संकलन गरी सोको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

मधेश प्रदेशका ८ वटै जिल्लाहरूको कृषि, उद्योग, सेवाका साथै पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरूसँग सम्बन्धित तथ्याङ्क र सोको विश्लेषण यो प्रतिवेदनमा समेटिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्कीय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान समस्या/चुनौती र सम्भावनाहरूलाई समेत प्रतिवेदनमा प्रस्तुत गरिएको छ । मधेश प्रदेशका जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्तिसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा आगामी वर्ष एवं चालु आर्थिक वर्षको परिदृश्य चित्रण गरिएको छ ।

नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले मधेश प्रदेशको (८ वटा जिल्ला सहितको) प्रादेशिक आर्थिक अवस्था, विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा वार्षिक एवम् अर्ध-वार्षिक आर्थिक प्रतिवेदन सार्वजनिक गर्दै आएको छ। यस क्रममा आर्थिक वर्ष २०८१/८२ को अर्ध-वार्षिक प्रतिवदेन सबैको जानकारीको लागि सार्वजनिक गरिएको छ। यसबाट मधेश प्रदेशलगायत अन्य सम्बद्ध निकायहरुलाई मधेश प्रदेशको प्रमुख आर्थिक परिसूचकहरुको बारेमा जानकारी प्राप्त गर्न र नीति निर्मातालाई उपयुक्त नीति बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ। प्रतिवेदन तर्जुमा गर्ने कार्यमा योगदान गर्नुहुने यस कार्यालयका उप निर्देशक श्री सृजना बज्राचार्य, सहायक निर्देशक श्री प्रियंका ठाकुर, सहायक श्री धिरेन्द्र शर्मा, श्री शिवराम यादव र श्री छविलाल भण्डारीलाई धन्यवाद ज्ञापन गर्दछु ।

**डिलाराम सुवेदी**
**निर्देशक**

# विषयसूची


**भूमिका** i
**सारांश** vi
**परिच्छेद-१ परिचय** १
*१.१ पृष्ठभूमि*..........१
*१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन*..........१
*१.३ अध्ययन प्रतिवेदनको सीमा*..........२
*१.४ अध्ययन प्रतिवेदनको ढाँचा*..........२
**परिच्छेद-२ प्रदेशगत तुलनात्मक स्थिति** ३
*२.१ राष्ट्रिय अर्थतन्त्रमा मधेस प्रदेशको क्षेत्रगत हिस्सा*..........३
*२.२ अन्तर प्रदेश तुलना*..........३
**परिच्छेद-३ कृषि क्षेत्र** ८
*३.१ प्रमुख कृषि बालीले ओगटेको भू-क्षेत्र*..........८
*३.१.१ खाद्य तथा अन्य बाली*..........८
*३.१.२ तरकारी तथा बागवानी*..........८
३.१.३ फलफूल तथा मसला ९
*३.२ कृषि उत्पादन*..........९
*३.२.१ खाद्य तथा अन्य बाली* ९
*३.२.२ तरकारी तथा बागवानी* १०
*३.२.३ फलफूल तथा मसला* १०
*३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन*..........११
*३.३.१ पशुपन्छीजन्य उत्पादन* ११
*३.३.२ माछा उत्पादन* ११
*३.३.३ वनजन्य उत्पादन* १२
*३.४ सिँचाई तथा मौसम*..........१२
*३.५. क्षेत्रगत कृषि कजा*..........१२
*३.६ सहुलियतपूर्ण कजा*..........१३
**परिच्छेद-४ उद्योग क्षेत्र** १५
*४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन*..........१५
*४.२ समग्र औद्योगिक कर्जा स्थिति*..........१५
*४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति*..........१६
*४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना*..........१७
**परिच्छेद-५ सेवा क्षेत्र** १९
*५.सेवा क्षेत्र*..........१९
*५.१ पर्यटन*..........१९
*५.२.सार्वजनिक निर्माण तथा रियलस्टेट*..........१९
*५.३ वित्तीय सेवा*..........१९
*५.४ निक्षेप तथा कर्जा स्थिति*..........२०
*५.५ यातायात*..........२०
*५.६ सेवा क्षेत्र कर्जा*..........२१
*५.७ सहकारी क्षेत्र*..........२२
*५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना*..........२२

*५.८.१ चुनौतीहरू* ........................................................................................................ २३

**परिच्छेद-६ पूर्वाधार र रोजगारी** **२५**

*६.१ पूर्वाधार क्षेत्र*........................................................................................................**२५**

६.१.१ जयनगर-जनकपुर-भंगहा रेल्वे **२५**

६.१.२ काठमाडौं-तराई मधेश द्रुतमार्ग **२५**

६.१.३ हुलाकी राजमार्ग **२६**

६.१.४ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल **२६**

*६.२. रोजगारी*........................................................................................................२७

६.२.१ वैदेशिक रोजगारी **२७**

६.२.२ आन्तरिक रोजगारी **२७**

*६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना*.......................................................... २८

**परिच्छेदः ७ प्रादेशिक कार्यक्रम तथा योजना** **३२**

*७.१ मधेश प्रदेशको सरकारी वित्त स्थिति*........................................................................ ३२

*७.२ मधेश प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति*.......................................... ३२

**परिच्छेदः ८ आर्थिक परिदृश्य** **३३**

*८.१ प्रदेशको आर्थिक परिदृश्य*.......................................................................................... ३३

८.१.१ कृषि क्षेत्र **३३**

८.१.२ औद्योगिक क्षेत्र **३३**

८.१.३ सेवा क्षेत्र **३३**

८.१.४ पूर्वाधार क्षेत्र ३४

# तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१:  प्रादेशिक आर्थिक परिसूचकहरु (आर्थिक वर्ष २०८१/८२) | ३ |
| तालिका २.२: वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति | ४ |
| तालिका ३.१: तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा) | ९ |
| तालिका ३.२: मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा) | १० |
| तालिका ३.३: मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा) | १० |
| तालिका ३.४: मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन | ११ |
| तालिका ३.५: मधेश प्रदेशमा माछा उत्पादन स्थिति (मे.टनमा) | ११ |
| तालिका ३.६: मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा ) | १२ |
| तालिका ३.७: मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा ) | १३ |
| तालिका ४.१: जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा ) | १६ |
| तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट | १९ |
| तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरू | २० |
| तालिका ५.३: मधेश प्रदेशमा यातायातको स्थिति | २१ |
| तालिका ५.४: सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा ) | २१ |
| तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोडमा ) | २१ |
| तालिका ६.१: श्रम स्वीकृति लिनेहरूको संख्या | २७ |

# चार्ट सूची


| शीर्षक | पेज नं. |
|---|---|
| चार्ट ३.१: खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल ( हेक्टरमा) | ८ |
| चार्ट ३.२: सिञ्चित भूमिको क्षेत्रफल (हेक्टरमा) | १२ |
| चार्ट ४.१ नमुना छनौटमा परेका उद्योगहरुको क्षमता उपयोगिता | १५ |
| चार्ट ४.२: औद्योगिक कर्जा लगानी स्थिति (रु.दश लाखमा) | १६ |
| चार्ट ५.१: निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा) | २० |
| चार्ट ५.२ : पुँजी, बचत र ऋण लगानीको अवस्था (रु.दश लाखमा) | २२ |

# सारांश

मधेश प्रदेशका ८ वटा जिल्लाहरूमा भएका आर्थिक गतिविधि अध्ययन अन्तर्गत स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क एवम् राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको तथ्याङ्कका आधारमा तयार गरिएको आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्ध–वार्षिक अध्ययन प्रतिवेदनको सारसंक्षेप निम्नानुसार रहेको छ।

**समष्टिगत आर्थिक स्थिति**

१. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.६१ खर्ब ७ अर्ब रहने अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको छ । त्यस्तै, मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.८ खर्ब ४ अर्ब रहने अनुमान छ ।

२. आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ३.९९ प्रतिशतले वृद्धि हुने र मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ३.८८ प्रतिशतले वृद्धि हुने अनुमान छ ।

३. यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान कृषि, वन तथा मत्स्य क्षेत्रको (३६.७० प्रतिशत) रहेकोमा सबैभन्दा कम योगदान खानी तथा उत्खनन क्षेत्रको (०.१५ प्रतिशत) रहेको छ ।

४. आर्थिक वर्ष २०८१/८२ मा मधेश प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन यू.एस. डलरमा ९३२ हुने अनुमान रहेको छ ।

**कृषि क्षेत्र**

५. समीक्षा अवधिमा मधेश प्रदेशमा तरकारी तथा बागवानीले ओगटेको क्षेत्रफलमा ८.८८ प्रतिशत र फलफूल तथा मसलाले ओगटेको क्षेत्रफल ९.३३ प्रतिशतले वृद्धि भएको छ भने खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफल ४.५० प्रतिशतले घटेको छ ।

६. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन १.४१ प्रतिशत र फलफूलको उत्पादन ११.५२ प्रतिशतले वृद्धि भएको छ भने मसला उत्पादन १५.४६ प्रतिशत, तरकारी तथा बागवानी उत्पादन १.०७ प्रतिशतले कमी आएको छ ।

७. समीक्षा अवधिमा पशुजन्य उत्पादनतर्फ दूध, मासु र अण्डाको उत्पादन क्रमशः ५.२७ प्रतिशत, १.७१ प्रतिशत र २.२० प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, माछाको उत्पादन ४.१३ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादन अन्तर्गत काठको उत्पादन ११७.६० प्रतिशत र दाउराको उत्पादन ११.८६ प्रतिशतले वृद्धि भएको छ ।

८. २०८१ पुस मसान्तमा मधेश प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा रु.६४ अर्ब ६२ करोड कर्जा प्रवाह भएको छ, जुन मधेश प्रदेशमा प्रवाहित कुल कर्जाको १३.२३ प्रतिशत हुन आउँदछ ।

**उद्योग क्षेत्र**

९. समीक्षा अवधिमा अध्ययनमा समेटिएका प्रमुख उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा २७.६६ प्रतिशत रहेको छ ।

१०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जामा १०.९९ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २५ अर्ब १३ करोड कायम भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा रु.१ खर्ब १२ अर्ब ७४ करोड रहेको थियो ।

**सेवा क्षेत्र**

११. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्यामा १.०७ प्रतिशतले कमी आएतापनि घरजग्गा रजिष्ट्रेशनबाट संकलित राजस्वमा भने ८.१२ प्रतिशतले वृद्धि भएको छ ।

१२. २०८१ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले मधेश प्रदेशबाट परिचालन गरेको निक्षेप १३.१७ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५३ अर्ब ४२ करोड पुगेको छ । कर्जा प्रवाह भने १२.१७ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ८८ अर्ब ३८ करोड कायम भएको छ ।

**पूर्वाधार र रोजगारी**

१३. मधेश प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पूर्व-पश्चिम रेलमार्ग, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन् । उक्त आयोजनाहरुमध्ये हुलाकी सडक मार्गको निर्माणको गति तुलनात्मक रुपमा तीव्र रहेको छ ।

१४. आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्ममा मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या ८८ हजार ६ सय ८९ रहेको छ । यो संख्या मुलुकबाट श्रम स्वीकृति लिने कुल संख्याको २२.५६ प्रतिशत हो ।

# परिच्छेद-१ परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ बमोजिम नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने व्यवस्था रहेको छ । सोहीबमोजिम नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले तयार गरेको प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८१/८२ को साउनदेखि पुससम्मको अर्ध-वार्षिक विवरणमा आधारित रहेको छ ।

मुलुक संघीय संरचनामा गएपश्चात् "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" बमोजिम प्रादेशिक कार्यालयहरूले प्रदेश भित्रका जिल्लाहरुको विभिन्न क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी प्रदेशगत रुपमा समेत आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन तयार गर्दै आएको छ । सो अनुसार मधेश प्रदेशको जनकपुर कार्यालयबाट सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाहरु तथा बिरगञ्ज कार्यालयबाट रौतहट, बारा र पर्सा गरी जम्मा ८ जिल्लाहरूबाट तथ्याङ्क सङ्कलन गरी यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा मधेश प्रदेशको समग्र आर्थिक स्थितिको साथसाथै कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति समेत समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा मधेश प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरणसमेत प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतीहरू संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यसका अतिरिक्त चालु आर्थिक वर्षको पहिलो ६ महिनाको स्थिति तथा बाँकी ६ महिना अवधिको अनुमानको आधारमा मधेश प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको आर्थिक परिदृष्य समेत समावेश गरिएको छ । उष्ण प्रदेशीय बागवानी केन्द्र नवलपुरको अवस्था, पूर्वाधार क्षेत्रमा जयनगर-जनकपुर-कुर्था रेलवे, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजमार्ग र काठमाडौं-तराई मधेश द्रुतमार्गको प्रगति स्थिति, पूर्व पश्चिम रेलमार्ग, राष्ट्रिय जनगणना, २०७८ अनुसार मधेश प्रदेशको जनसंख्याको विवरणका बारेमा समेत यस अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ तथा नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन,२०७९ सहित) अनुसार यस प्रदेशको सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलतः स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

प्रतिवेदनमा कृषिसम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बालीसम्बन्धी केही तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तथा नेपाल राष्ट्र बैंकमा प्राप्त विवरण आर्थिक अनुसन्धान विभागमार्फत लिइएको छ । प्रदेशस्थित सरकारी निकायहरूबाट प्रदेशमा कृषि उपजले ओगटेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू स्थलगत रुपमा संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका ३० उद्योगहरूको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्रअन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रमा जिल्लागत रुपमा प्रवाह भएको कर्जा, निक्षेप संकलन, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरूले NRB Supervisry Information System (SIS) मार्फत नेपाल राष्ट्र बैंकमा पठाएको विवरण आर्थिक अनुसन्धान विभागमार्फत लिइएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो वापतको राजश्व

रकम भूमि व्यवस्था तथा अभिलेख विभाग बबरमहल, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट नेपाल राष्ट्र बैंकलाई सम्प्रेषण भएको र सोसम्बन्धी तथ्याङ्क आर्थिक अनुसन्धान विभागमार्फत लिइएको छ ।

सेवा क्षेत्रअन्तर्गत पर्यटन गतिविधिसम्बन्धी विवरण नमूना छनौटमा परेका ५ होटलहरूको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापासको तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट तथा पूर्वाधारसम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाहरुबाट समेत लिइएको छ । यातायाततर्फको सवारी संख्यासम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न मधेश प्रदेशका १० वटा नमुना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरूबाट विवरण संकलन गरिएको छ ।

पूर्वाधार क्षेत्रअन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजनासम्बन्धी विवरण लिँदा सम्बन्धित सरकारी कार्यालयहरूबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कलाई आधार मानिएको छ ।

### १.३ अध्ययन प्रतिवेदनको सीमा

१. नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आएपश्चात् तथ्याङ्क प्रदायक निकायहरूको समेत पुनरसंरचना भएकोले ती निकायहरूसँग सम्बन्धित तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन । कृषिसम्बन्धी तथ्याङ्क कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सडक पूर्वाधारको तथ्याङ्क सडक विभागले उपलब्ध गराएको विवरणको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

२. यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरूको प्रशासनिक तथा केन्द्रीय कार्यालय अन्य प्रदेशहरूमा रहेकोले उत्पादन र रोजगारीका विवरणहरू अपेक्षित रुपमा उपलब्ध हुन सकेको छैन । प्रदेशमा स्थापित नयाँ उद्योगहरू तथा कतिपय भइरहेका उद्योगहरूले उपलब्ध गराउने तथ्याङ्क व्यवस्थित हुन नसकेकोले तथ्याङ्कको शुद्धतामा कमी हुने देखिएको छ । उद्योगहरुबाट समयमा तथ्याङ्क उपलब्ध हुन नसक्दा प्रतिवेदन तोकिएको समयमा सम्पन्न गर्न कठिनाई हुने गरेको छ । यथार्थपूर्ण विश्लेषणको लागि पर्याप्त, गुणस्तरीय तथा भरपर्दो तथ्याङ्कको उपलब्धतामा समेत समस्या हुने गरेको छ ।

३. भौतिक निर्माणतर्फ गाउँपालिकाहरूले निर्माण गरेका सडक, सिँचाई र खानेपानी आयोजनाहरूको जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन नसकेकोले सोसम्बन्धी तथ्याङ्क पूर्ण हुन सकेको छैन ।

४. सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने अध्यागमन तथा पर्यटन सूचना केन्द्र जस्ता आधिकारिक निकाय मधेश प्रदेशमा नभएकोले नमुना छनौटमा परेका सीमित होटलहरूबाट प्राप्त विवरणलाई पर्यटन गतिविधिको विश्लेषणका लागि आधार मानिएको छ ।

### १.४ अध्ययन प्रतिवेदनको ढाँचा

आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन,२०७९ सहित) अनुसार तयार गरिएको यस प्रतिवेदनलाई ८ परिच्छेदहरूमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा प्रतिवेदनको परिचय, यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशगत तुलनात्मक स्थिति र हालको अवस्था बारे उल्लेख गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारी क्षेत्रको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा प्रादेशिक कार्यक्रम तथा योजना र परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद-२ प्रदेशगत तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६१ प्रतिशत रहने तथा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.६१ खर्ब ७ अर्ब रहने प्रारम्भिक अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशत रहने अनुमान छ। त्यसैगरी, प्रतिव्यक्ति आम्दानी (Per Capita GDP) १४९६ अमेरिकी डलर रहने प्रारम्भिक अनुमान छ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा मधेस प्रदेशको क्षेत्रगत हिस्सा

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.१६ प्रतिशत, १२.८३ प्रतिशत र ६२.०१ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा मधेश प्रदेशले कुल गार्हस्थ्य उत्पादनमा १३.१६ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा मधेश प्रदेशको आर्थिक वृद्धिदर ४.५० प्रतिशत रहने अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३६.७३ प्रतिशत, १०.६६ प्रतिशत र ५२.६१ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा मधेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन यू.एस. डलरमा ९३२ पुग्ने अनुमान रहेको छ।

## २.२ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका अनुसार आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.५२ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१९ प्रतिशत) रहेको छ। कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२१.५१ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.२४ प्रतिशत) रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३१.६८ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.१३ प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४५.३९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.९८ प्रतिशत) रहेको छ।

**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु (आर्थिक वर्ष २०८१/८२)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९७०.७४ | **८०३.९७** | २२३०.२३ | ५४८.१६ | ८६८.९० | २५५.५९ | ४२९.६३ | **६१०७.२२** |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.९० | **१३.१६** | ३६.५२ | ८.९८ | १४.२३ | ४.१९ | ७.०३ | **१००.००** |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) (प्रतिशत) | ३.३४ | **४.५०** | ५.१८ | ५.५१ | ४.७० | ४.७४ | ३.३२ | **४.६१** |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५१ | **१९.२२** | १७.१२ | ९.६७ | १७.५४ | ५.२४ | ९.७१ | **१००.००** |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.९४ | **१०.९३** | ३१.६८ | ११.९८ | १५.४७ | ३.१३ | ६.८७ | **१००.००** |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७८ | **११.१७** | ४५.३९ | ८.०७ | १२.६३ | ३.९८ | ५.९८ | **१००.००** |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३४.०५ | **३६.७३** | ११.८० | २७.१० | ३१.०२ | ३१.५० | ३४.७२ | **२५.१६** |
| उद्योग क्षेत्र | १६.०९ | **१०.६६** | ११.१३ | १७.१३ | १३.९५ | ९.५८ | १२.५३ | **१२.८३** |
| सेवा क्षेत्र | ४९.८५ | **५२.६१** | ७७.०७ | ५५.७७ | ५५.०२ | ५८.९१ | ५२.७५ | **६२.०१** |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८२*

## २.३ प्रदेशगत वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति

आर्थिक वर्ष २०८१/८२ को अर्ध-वार्षिक अवधिको कुल निक्षेप परिचालनमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ६६.९६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको अंश सबैभन्दा कम १.११ प्रतिशत रहेको छ। कुल निक्षेप परिचालनमा मधेश प्रदेशको हिस्सा ५.२९ प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५९.३० प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.०९ प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा मधेश प्रदेशको अंश ९ प्रतिशत रहेको छ। मधेश प्रदेशमा भएको निक्षेप परिचालन र कर्जा प्रवाहको आकारलाई दृष्टिगत गर्दा वित्तीय स्रोत अन्य प्रदेशहरुबाट मधेश प्रदेशमा स्थानान्तरण (Transfer) भएको देखिन्छ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी बागमती प्रदेशको हिस्सा ३५.१६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.५१ प्रतिशत रहेको छ। विपन्न वर्गमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ५४.५३ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा १.३८ प्रतिशत रहेको छ। विपन्न वर्गमा प्रवाहित कर्जा मधेश प्रदेशमा ८.५० प्रतिशत रहेको छ। सहुलियतपूर्ण कर्जातर्फ सबैभन्दा बढी बागमती प्रदेशमा ३८.२२ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा १.४९ प्रतिशत रहेको छ। मधेश प्रदेशमा सहुलियतपूर्ण कर्जाको अंश १३.६४ प्रतिशत रहेको छ।

बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या ११,५४५ रहेको छ। यसमध्ये सबैभन्दा बढी शाखा संख्या बागमती प्रदेशमा ३,०४० रहेको छ र सबैभन्दा कम कर्णाली प्रदेशमा ४७७ रहेको छ। समीक्षा अवधिमा मधेश प्रदेशमा बैंक वित्तीय संस्थाहरूको शाखा संख्या १,७६३ रहेको छ।

मोबाईल बैंकिङ्ग प्रयोगकर्ताको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा ९५,९६,१६६ रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ८,२१,७२३ रहेको छ। मधेश प्रदेशमा मोबाईल बैंकिङ्ग प्रयोगकर्ता २६,५२,३४८ रहेका छन्। इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा १२,१८,६६९ र सबैभन्दा कम कर्णाली प्रदेशमा २८,८०३ रहेको छ। इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता मधेश प्रदेशमा १,६९,६५६ रहेको छ। डेबिट कार्ड र क्रेडिट कार्ड प्रयोगकर्ताको संख्या सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको छ।

**तालिका २.२ : वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति**

| विवरण | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल निक्षेपमा अंश(%) | ७.३७ | **५.२९** | ६६.९६ | ८.३१ | ८.७९ | १.११ | २.१७ |
| कुल कर्जामा अंश (%) | १०.८ | **९.००** | ५९.३० | ६.४४ | १०.५७ | १.०९ | २.८२ |
| कृषि कर्जाको अंश(%) | १६.६६ | **१८.९२** | ३५.१६ | ७.६२ | १५.३४ | १.५१ | ४.७९ |
| विपन्नवर्ग कर्जा (%) | १३.४३ | **८.५०** | ५४.५३ | ९.३५ | १०.१६ | १.३८ | २.६७ |
| सहुलियतपूर्ण कर्जाको अंश (%) | १५.१७ | **१३.६७** | ३८.२२ | १२.०२ | १४.८१ | १.४९ | ४.६३ |
| डेबिट कार्ड प्रयोगकर्ता | १७,७५,४६० | **१२,३३,३६५** | ५५,००,८३६ | १३,१४,२५५ | १८,०८,३२३ | ३०९,६६७ | ६७६,४४५ |
| क्रेडिट कार्ड प्रयोगकर्ता | ७७,०३८ | **७९,३९५** | ३,१४,७५० | ३९,४५० | १,०५,६१० | २३,७५० | २१,०८९ |
| मोबाईल बैंकिङ्ग प्रयोगकर्ता | ३६,१८,२०८ | **२६,५२,३४८** | ९५,९६,१६६ | २८,०६,१६६ | ४०,६२,४३८ | ८,२१,७२३ | १५,३६,३४५ |
| इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता | २,३४,३९१ | **१,६९,६५६** | १२,१८,६६९ | २,७३,७९९ | ३,३३,८११ | २८,८०३ | ६७,५९२ |
| शाखा संख्या | १,८४६ | **१,७६३** | ३,०४० | १,४०४ | २,१६७ | ४७७ | ८४८ |

*स्रोत: नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग*

## २.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती :

### २.४.१ प्रादेशिक क्षमता, सम्भावना

राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको विवरणबमोजिम आर्थिक वर्ष २०८१/८२ को मधेश प्रदेशको कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको सबैभन्दा बढी ३६.७ प्रतिशत योगदान रहने अनुमान छ भने खानी तथा उत्खनन् क्षेत्रको सबैभन्दा कम ०.१५ प्रतिशत योगदान रहने अनुमान छ। भौगोलिक हिसाबले समतल भू-भागमा अवस्थित रहेको मधेश प्रदेश आर्थिक क्रियाकलापका

दृष्टिकोणले समृद्ध प्रदेशको रुपमा विकसित हुन सक्ने सम्भावना रहेको छ । समष्टिगत रुपमा मधेश प्रदेशको आर्थिक विकासका सम्भावनालाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

१. समतल भू-भाग रहेकोले यातायात तथा औद्योगिक पूर्वाधार निर्माण गर्न तुलनात्मकरुपमा सहज तथा कम खर्चिलो हुने । कृषियोग्य भूमिको प्रचुरता तथा वैदेशिक व्यापारको लागि मुख्य प्रस्थान विन्दुसमेत भएको कारणले मधेश प्रदेशमा कृषिका अतिरिक्त, शिक्षा, स्वास्थ्य, पर्यटन जस्ता सेवा क्षेत्र र औद्योगिक क्षेत्रको विकासको पनि उत्तिकै सम्भावना रहेको छ ।

२. मधेश प्रदेशमा सबैभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपतको लागि बजारको पनि उच्च सम्भावना रहेको छ ।

३. कृषिजन्य उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योग (जस्तै : चिनी उद्योग, खाद्य प्रशोधन उद्योग, तेल उद्योग) स्थापना गर्ने राम्रो सम्भावना रहेको छ ।

४. यो प्रदेश भारतीय सीमासँग जोडिएकाले उत्पादनशील उद्योग तथा कलकारखानाहरू स्थापना गरी उत्पादित वस्तु भारततर्फ निकासी गर्न तुलनात्मक रुपले निकै सहज रहेको छ ।

५. हाल सञ्चालनमा रहेको नेपालको एकमात्र जनकपुर-जयनगर रेलसेवामा कार्गो सेवा थप गरी सामान ढुवानी सहज तरिकाले कार्यान्वयनमा ल्याउँदा यस प्रदेशको व्यापार व्यवसाय तथा निर्माण कार्यमा सघाउ पुग्नसक्ने सम्भावना रहेको छ । यहाँ उत्पादित सामानहरू भारततर्फ निकासी गर्नुका साथै भारतीय पर्यटकहरूको आवागमनमा वृद्धि भई सोबाट लाभ लिन सकिने सम्भावना रहेको छ ।

६. मधेश प्रदेशमा विभिन्न धार्मिक मठ मन्दिरहरू रहेका कारण भारतीय पर्यटकहरूको उल्लेख्य आवागमन हुने गर्दछ । प्रसिद्ध जानकी मन्दिर, धनुषाधाम मन्दिर, गढिमाई मन्दिर, कंकालनी मन्दिर, छिन्नमस्ता भगवती मन्दिर यही प्रदेशमा रहेकाले धार्मिक तथा सांस्कृतिक पर्यटनको पनि राम्रो सम्भावना रहेको छ ।

७. धेरै तालतलैया तथा पोखरीहरू रहेको जनकपुरधाम मधेश प्रदेशमा रहेकाले यहाँ अवस्थित पोखरीहरूको सरसफाई, विभिन्न प्रकारका जलचर पालन, जलक्रिडाको लागि पूर्वाधार विकास तथा सडकपूर्वाधार सुधार र गुणस्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरी जल मनोरञ्जन जस्ता क्रियाकलापमा वृद्धि गर्न सके आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धन गरी राजस्व संकलनमा समेत वृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

८. सर्लाही जिल्लाको बागमती नगरपालिकामा निर्मित भरत ताल मुलुककै ठूलो मानव निर्मित जलाशय रहेको र यो ताल ठूला जलाशय नभएको भारतीय राज्य बिहार नजिकै रहेकाले यहाँ भारतीय नागरिकहरूलाई समेत आकर्षण गरी पर्यटन विकास तथा आर्थिक गतिविधि बढाउनुका साथै भारतीय मुद्रा आर्जनको राम्रो स्रोत बन्न सक्ने सम्भावना रहेको छ । मुलुककै ठूलो नदी सप्तकोशी, मधेश प्रदेशको सीमा हुँदै बगेकोले नदीमा जल मनोरञ्जन गर्ने सुविधा विकास गरी पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

९. प्रदेश नजिकै रहेको सिन्धुलीगढीमा युद्ध संग्रहालय स्थापना भएको छ । संग्रहालय अवलोकन गर्न आउने पर्यटकलाई आकर्षित गर्नुका साथै प्रशस्त माछा पालन हुने यस प्रदेशमा मत्स्य पर्यटनसँग सम्बन्धित क्रियाकलापसमेत वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

### २.४.२ प्रादेशिक चुनौती

१. मधेश प्रदेशमा स्वास्थ्य उपचारका लागि गुणस्तरीय अस्पताल, चिकित्सक तथा विभिन्न स्वास्थ्य उपकरणहरुको राम्रो व्यवस्था नभएकाले अधिकांश सीमावर्ती क्षेत्रका भारतीय अस्पतालहरुमा उपचार गराउन जानुपर्ने तथा सो कार्यका लागि भारतीय रुपैंयाको पनि माग अत्यधिक रहेकोले यस प्रदेशमा रहेका अस्पतालहरुमा आवश्यक उपकरण, दक्ष चिकित्सक, जनशक्ति तथा अन्य स्वास्थ्य उपकरणहरुमा आवश्यक स्रोत साधनको व्यवस्था गर्नु ।

२. सरकारी विद्यालयहरुको गुणस्तर सुधार, व्यावसायिक तथा प्राविधिक शिक्षालाई प्राथमिकता र ग्रामीण क्षेत्रका स्वास्थ्य केन्द्रहरुलाई आवश्यक स्रोत साधन उपलब्ध गराउनु ।

३. मधेश प्रदेशमा अवस्थित जनकपुर र वीरगञ्ज जस्ता ठूला र व्यापारिक शहरलाई शैक्षिक हबको रुपमा विकास गर्न शैक्षिक गुणस्तरमा सुधार गर्नु ।

४. वातावरणीय प्रदुषणलाई नियन्त्रण गर्दै प्रदेशलाई सुन्दर र आकर्षक प्रदेशको रुपमा विकास गर्नका लागि शहरी क्षेत्रका सडकमा जतातत‌ै थुप्रने फोहोर व्यवस्थापन गर्नु ।

५. कृषि उत्पादनका लागि उचित बजारमा पहुँच नहुनाले किसानहरु प्रायः बिचौलियामा निर्भर रहेकोले बजारसम्म कृषि उपजको पहुँच विस्तार गर्नु तथा कृषि उपजको उचित मूल्य प्राप्तिको व्यवस्था गर्नु ।

६. माछापालनको लागि प्रसिद्ध रहेको जनकपुर तथा परवानीपुर लगायत मत्स्य विकास भइरहेको स्थानहरूमा माछा उत्पादन क्षमता थप अभिवृद्धि गर्नु ।

७. परम्परागत रुपमा हुँदै आएको निर्वाहमुखी कृषिलाई आधुनिकीकरण तथा व्यावसायिकरण गर्नु, कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन मलखादको सर्वसुलभ आपूर्ति, उत्पादित अन्नको उचित मूल्य प्राप्ति तथा व्यवस्थापन मिलाउनुको साथै बजारको प्रबन्ध गरी कृषिजन्य क्रियाकलापमा युवाहरूलाई आकर्षित गर्नु ।

८. मधेश प्रदेशका दक्ष जनशक्तिहरु विदेश पलायन हुने प्रवृतिमा वृद्धि भएकोले सेवा क्षेत्र सञ्चालनका लागि प्राविधिक, स्वास्थ्यकर्मी, शिक्षक, सूचना प्रविधि विज्ञजस्ता योग्य र दक्ष जनशक्तिको व्यवस्था गर्नु तथा रोजगारीको वातावरण सिर्जना गर्नु ।

९. वैदेशिक रोजगारीमा रहेका युवाहरूबाट प्राप्त विप्रेषणलाई स्थानीय तहको समन्वयमा उत्पादनमुलक क्षेत्रमा लगानी गर्नु ।

१०. भौगोलिक तथा धार्मिक सम्पदा, जैविक विविधता आदिको उचित संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गर्नु ।

११. मधेश प्रदेशमा रहेका धार्मिक साँस्कृतिक तथा पर्यटन क्षेत्रको रुपमा प्रख्यात जानकी मन्दिर, पर्सा वन्यजन्तु आरक्ष, नजिकै रहेको कोशी टप्पु वन्यजन्तु आरक्ष, सिन्धुलीको युद्ध संग्रहालय, भरत ताल लगायतका क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्नु ।

१२. मधेश प्रदेशमा निर्माण शुरु भएका आयोजना हुलाकी राजमार्ग, काठमाडौ–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकाभित्र सम्पन्न गर्नु ।

१३. मधेश प्रदेशमा वित्तीय साक्षारता अभिवृद्धि गरी सीमान्तकृत वर्गमा वित्तीय पहुँच अभिवृद्धि गर्नु ।

१४. मधेश प्रदेशमा हुने आर्थिक गतिविधिलाई औपचारिकीकरण गर्न प्रोत्साहित गरी राजश्वको दायरा बढाउनु ।

१५. खुला सीमाना व्यवस्थापन गरी स्थानीय उत्पादनको बजार संरक्षण गर्नु ।

# परिच्छेद-३ कृषि क्षेत्र


## ३.१ प्रमुख कृषि बालीले ओगटेको भू-क्षेत्र

आर्थिक वर्ष २०८१/८२ को अर्ध-वार्षिक अवधिमा मधेश प्रदेशमा प्रमुख कृषि बालीहरूअन्तर्गत खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसलाले ओगटेको भू-भाग २.९३ प्रतिशतले कमी भई ९ लाख ५२ हजार ५ सय १९ हेक्टर रहेको छ भने गत आर्थिक वर्षको सोही अवधिमा ७.८४ प्रतिशतले वृद्धि भई ९ लाख ८१ हजार २ सय ९२ हेक्टर पुगेको थियो । मधेश प्रदेशको कृषि बाली प्राय बर्षामा निर्भर रहेको तथा यस वर्ष कम बर्षा भएकोले कृषि बालीले ओगटेको क्षेत्रफलमा कमी आएको अनुमान रहेको छ ।

### ३.१.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा समग्र खाद्य तथा अन्य बालीले ओगटेको भू-भागमा ४.५० प्रतिशतले कमी भई ८ लाख २९ हजार ८८ हेक्टर रहेको छ भने गत आर्थिक वर्षको सोही अवधिमा ८.०१ प्रतिशतले वृद्धि भई ८ लाख ६८ हजार १ सय ३८ हेक्टर पुगेको थियो । २०८१ साउनदेखि पुससम्मको अवधिमा कोदोले ओगटेको क्षेत्रफल ७.५२ प्रतिशत, जौले ओगटेको क्षेत्रफल ७८.४० प्रतिशत, उखुले ओगटेको क्षेत्रफल १२.२७ प्रतिशत र आलुले ओगटेको क्षेत्रफल २.०३ प्रतिशतले वृद्धि भएको छ । तर, धान बालीले ओगटेको क्षेत्रफल २.३७ प्रतिशतले कमी भई ३ लाख ७४ हजार १ सय १७ हेक्टर, गहुँले ओगटेको क्षेत्रफल २.८८ प्रतिशतले कमी भई १ लाख ९१ हजार १ सय १३ हेक्टर र मकै बालीले ओगटेको क्षेत्रफलमा २.८५ प्रतिशतले कमी भई ५२ हजार ७ सय २५ हेक्टरमा सिमित भएको छ । समीक्षा अवधिमा धान बालीले ओगटेको क्षेत्रफलमा बारा जिल्लामा ७.६३ प्रतिशतले वृद्धि भएको छ भने सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र पर्सा जिल्लामा क्रमश: ५.४७ प्रतिशत, ०.२२ प्रतिशत, ५.५६ प्रतिशत, १३.२२ प्रतिशत, ४.६४ प्रतिशत, ०.१० प्रतिशत र ०.४० प्रतिशतले कमी आएको देखिन्छ ।

**चार्ट ३.१ : खाद्य तथा अन्य बालीहरूले ओगटेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू*

### ३.१.२ तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा ८.८८ प्रतिशतले वृद्धि भई ६७ हजार १ सय ५६ हेक्टर पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा १०.३२ प्रतिशतले वृद्धि भई ६१ हजार ६ सय ८० हेक्टरमा खेती भएको थियो । तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रफल महोत्तरी जिल्लामा सबैभन्दा बढी १५ हजार २ सय ५० हेक्टर अर्थात् मधेश प्रदेशको २२.७१ प्रतिशत र रौतहट जिल्लामा सबैभन्दा कम २ सय हेक्टर अर्थात् मधेश प्रदेशको ०.३० प्रतिशत रहेको छ ।

| तालिका ३.१ : तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा) | | | |
|---|---|---|---|
| **जिल्ला** | २०८०/८१ पुस मसान्त | २०८१/८२ पुस मसान्त | २०८१/८२ पुस मसान्त (हिस्सा प्रतिशत) |
| **सप्तरी** | ८,८०० | ११,२०० | १६.६८ |
| **सिरहा** | ७,७०५ | ५,९७५ | ८.९० |
| **धनुषा** | ८,६५० | ७,७३७ | ११.५२ |
| **महोत्तरी** | १५,२५० | १५,२५० | २२.७१ |
| **सर्लाही** | ८,६७५ | १३,५०० | २०.१० |
| **रौतहट** | १,७०० | २०० | ०.३० |
| **बारा** | ६,४०० | ६,४०० | ९.५३ |
| **पर्सा** | ४,५०० | ६,८९४ | १०.२७ |
| **जम्मा** | **६१,६८०.००** | **६७,१५६.००** | **१००** |

*स्रोत: सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्रहरु*

### ३.१.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको भू-क्षेत्रफलमा ९.३३ प्रतिशतले वृद्धि भई ५६ हजार २ सय ७५ हेक्टर पुगेको छ । फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये आँपले ढाकेको क्षेत्रफलमा ०.७७ प्रतिशत कमी आएको देखिन्छ भने केरा खेतीले ढाकेको क्षेत्रफलमा ७४.९० प्रतिशत वृद्धि भएको देखिन्छ । मसला (अदुवा, बेसार आदि) ले ढाकेको क्षेत्रफलमा २०.३४ प्रतिशतले वृद्धि भएको देखिन्छ । गत आर्थिक वर्षको सोही अवधिमा फलफुल तथा मसला बालीले ढाकेको भू-क्षेत्रफल २.४३ प्रतिशतले वृद्धि भई ५१ हजार ४ सय ७४ हेक्टरमा खेती भएको थियो ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रदेशको समग्र कृषि बालीहरू (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) को कुल उत्पादनमा १.१७ प्रतिशतले वृद्धि भई ४७ लाख ५५ हजार ९ सय २२ मे.टन उत्पादन भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीको कुल उत्पादनमा ५.०१ प्रतिशतले कमी आएको थियो ।

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा बढी बारा जिल्लाको हिस्सा १७.०१ प्रतिशत र सबैभन्दा कम रौतहट जिल्लाको हिस्सा ८.२८ प्रतिशत रहेको छ । तरकारी तथा बागवानीतर्फ सबैभन्दा बढी हिस्सा महोत्तरी जिल्लाको २१.३४ प्रतिशत र सबैभन्दा कम हिस्सा सिरहा जिल्लाको ६.५१ प्रतिशत रहेको छ। फलफूल तथा मसालातर्फ सबैभन्दा बढी सप्तरी जिल्लाको हिस्सा ६१.३५ प्रतिशत रहेको छ । समग्रमा, यस प्रदेशमा धान उत्पादन १०.७० प्रतिशत, मकै उत्पादन ३४.८५ प्रतिशत र गहुँ उत्पादन २.२८ प्रतिशतले वृद्धि भएको छ भने उखु उत्पादन १६.८२ प्रतिशत, आलु उत्पादन ७.३० प्रतिशत, सुर्ति उत्पादन १२.५६ प्रतिशत र दलहन उत्पादन ४१.३९ प्रतिशतले कमी आएको छ ।

गत आर्थिक वर्षको पुससम्ममा धानको उत्पादन ३.६८ प्रतिशत, उखुको उत्पादन १७.५८ प्रतिशत, दलहनको उत्पादन ८.०३ प्रतिशत र तेलहनको उत्पादन १५.३६ प्रतिशतले घटेको थियो ।

| तालिका ३.२ : मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा)<br>आ.व. २०८१/८२ पुस मसान्त | | | | | | |
|---|---|---|---|---|---|---|
| जिल्ला | खाद्य तथा अन्य बाली | हिस्सा (%) | तरकारी तथा बागवानी | हिस्सा (%) | फलफूल तथा मसला | हिस्सा (%) |
| सप्तरी | ३४१,२५६.०० | ९.७८ | १३७,४००.०० | १४.७९ | २०६,७९१.०० | ६१.३५ |
| सिरहा | ३७१,२२१.०० | १०.६४ | ६०,५००.०० | ६.५१ | २,२५०.०० | ०.६७ |
| धनुषा | ४०९,४०३.०० | ११.७३ | ६६,५८६.०० | ७.१७ | २०,४९५.०० | ६.०८ |
| महोत्तरी | ४९७,९८९.०० | १४.२७ | १९८,२५०.०० | २१.३४ | ४,६६०.०० | १.३८ |
| सर्लाही | ४३७,३७८.०० | १२.५३ | १३०,१२५.०० | १४.०१ | ७,५००.०० | २.२२ |
| रौतहट | २८८,८१२.०० | ८.२८ | १४७,६१६.०० | १५.८९ | ८३,४८०.०० | २४.७६ |
| बारा | ५९३,५१०.०० | १७.०१ | १०१,१२०.०० | १०.८९ | ० | ० |
| पर्सा | ५५०,२८१.०० | १५.७७ | ८७,३८६.०० | ९.४१ | ११,९१३.०० | ३.५३ |
| **जम्मा** | **३,४८९,८५०.००** | **१००.००** | **९२८,९८३.००** | **१००.००** | **३३७,०८९.००** | **१००.००** |

*स्रोत: सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्रहरु*

### ३.२.२ तरकारी तथा बागवानी

मधेश प्रदेशमा समीक्षा अवधिमा तरकारी तथा बागवानीको उत्पादनमा १.०७ प्रतिशतले कमी आई ९ लाख २८ हजार ९ सय ८३ मे. टन उत्पादन भएको अनुमान छ। उत्पादित तरकारीमध्ये सबैभन्दा बढी महोत्तरी जिल्लामा १ लाख ९८ हजार २ सय ५० मे. टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको २१.३४ प्रतिशत उत्पादन भएको छ भने सिरहा जिल्लामा सबैभन्दा कम ६० हजार ५ सय मे.टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको ६.५१ प्रतिशत उत्पादन भएको अनुमान छ। गत वर्षको सोही अवधिमा तरकारी तथा बागवानीको उत्पादन १.५७ प्रतिशतले कमी भएको थियो।

| तालिका ३.३: मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा) | | | |
|---|---|---|---|
| **जिल्ला** | २०८०/८१ पुस मसान्त | २०८१/८२ पुस मसान्त | २०८१/८२ पुस मसान्त हिस्सा (प्रतिशत) |
| **सप्तरी** | १०५,६००.०० | १३७,४००.०० | १४.७९ |
| **सिरहा** | ७८,८५०.०० | ६०,५००.०० | ६.५१ |
| **धनुषा** | १०३,८००.०० | ६६,५८६.०० | ७.१७ |
| **महोत्तरी** | १९८,२५०.०० | १९८,२५०.०० | २१.३४ |
| **सर्लाही** | १३०,१२५.०० | १३०,१२५.०० | १४.०१ |
| **रौतहट** | १४७,०००.०० | १४७,६१६.०० | १५.८९ |
| **बारा** | १०१,१२०.०० | १०१,१२०.०० | १०.८९ |
| **पर्सा** | ७४,२५०.०० | ८७,३८६.०० | ९.४१ |
| **जम्मा** | **९३८,९९५** | **९२८,९८३** | **१००** |

*स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्रहरु*

### ३.२.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसलाको उत्पादन ५.१७ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादनमा १६.७५ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा फलफूलको उत्पादन ११.५२ प्रतिशतले वृद्धि भएको छ भने मसलाको उत्पादनमा १५.४६ प्रतिशतले कमी आएको छ। फलफूलमध्ये आँप र केराको उत्पादनमा वृद्धि भएको छ भने अन्य फलफूलको उत्पादनमा कमी आएको छ। समीक्षा अवधिमा मसलामध्ये लसुन, प्याज र अदुवाको उत्पादन गत बर्षको तुलनामा कमी आएको छ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुपन्छीजन्य उत्पादन :

समीक्षा अवधिमा मधेश प्रदेशमा दूधको उत्पादन ५.२७ प्रतिशतले वृद्धि भई ३ लाख ९२ हजार ७ सय ३४ लिटर, मासुको उत्पादन १.७१ प्रतिशतले वृद्धि भई ८९ हजार २ सय १८ मे.टन र छालाको उत्पादनमा ०.४८ प्रतिशतले वृद्धि भई ९५ लाख २४ हजार वर्ग मिटर, अण्डाको उत्पादन २.२० प्रतिशतले वृद्धि भई ५ करोड ३७ लाख ८० हजार र ऊन उत्पादनमा ०.९५ प्रतिशतले वृद्धि भई २ हजार ८ सय १७ के.जी. उत्पादन भएको छ । गत वर्षको अर्ध-वार्षिक अवधिमा दूधको उत्पादन १०.१३ प्रतिशतले, मासुको उत्पादन ५.४८ प्रतिशतले बढेको थियो भने अण्डाको उत्पादनमा १६.६५ प्रतिशतले कमी आएको थियो । समीक्षा अवधिमा कुल दूध उत्पादनमध्ये पर्सा जिल्लाको हिस्सा सबैभन्दा बढी ३१.२६ प्रतिशत रहेको छ भने धनुषा जिल्लाको हिस्सा सबैभन्दा कम ५.२३ प्रतिशत रहेको छ ।

**तालिका ३.४ : मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन**

| जिल्ला | दूध (लि.हजारमा) | | मासु (मे.टनमा) | | अण्डा (गोटा हजारमा) | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ पुस मसान्त | २०८१/८२ पुस मसान्त | २०८०/८१ पुस मसान्त | २०८१/८२ पुस मसान्त | २०८०/८१ पुस मसान्त | २०८१/८२ पुस मसान्त |
| **सप्तरी** | ४९,०११.०० | ४९,०११.०० | ६,००५.०० | ६,००५.०० | ८,०१०.०० | ७३१०.०० |
| **सिरहा** | ६६,३११.०० | ६७,३३७.०० | ७,०८३.०० | ७,२५९.०० | ४,४२२.०० | ४५३१.०० |
| **धनुषा** | २०,५४१.०० | २०,५५६.०० | १,९५४.०० | १,९६९.०० | १,०७१.०० | १,०७७.०० |
| **महोत्तरी** | २२,७२५.०० | २२,९९७.०० | ९,५४२.०० | ९,६२४.०० | ४,६३०.०० | ४,६८६.०० |
| **सर्लाही** | ४२,८९४.०० | ४२,९९७.०० | ९,२२७.०० | ९,६२४.०० | ४,५२६.०० | ४,६८६.०० |
| **रौतहट** | ८,८३८.०० | २७,०००.०० | ७,११०.०० | ८,४३५.०० | १,९५५.०० | २,५४८.०० |
| **बारा** | ३९,९६०.०० | ४०,०३५.०० | ७,८४१.०० | ७,९४४.०० | १०,१७५.०० | १०,३३५.०० |
| **पर्सा** | १२२,८०१.०० | १२२,८०१.०० | ३८,३५८.०० | ३८,३५८.०० | १५,२०५.०० | १५,२०५.०० |
| **जम्मा** | **३७३,०८१.०** | **३९२,७३४.०** | **८७,१२०.०** | **८९,२१८.०** | **४९,९९४.०** | **५०,३७८.०** |

*स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र*

### ३.३.२ माछा उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशमा माछाको उत्पादन ४.१३ प्रतिशतले वृद्धि भई ३० हजार १ सय २५ मे. टन पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ९.६९ प्रतिशतले वृद्धि भई २८ हजार ९ सय ३१ मे. टन रहेको थियो । समीक्षा अवधिमा सबैभन्दा बढी माछा उत्पादन सिरहा जिल्लामा भएको देखिन्छ । मधेश प्रदेशमा भएको कुल माछा उत्पादनमा सिरहा जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा बढी २२.०७ प्रतिशत र रौतहट जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा कम ८.६४ प्रतिशत रहेको छ ।

**तालिका ३.५ : मधेश प्रदेशमा माछा उत्पादन स्थिति (मे.टनमा)**

| जिल्ला | २०८०/८१ पुस मसान्त | २०८१/८२ पुस मसान्त | २०८१/८२ पुस मसान्त हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| **सप्तरी** | ३,२५० | ३,२५० | १०.७९ |
| **सिरहा** | ६,६५० | ६,६५० | २२.०७ |
| **धनुषा** | ३,५१० | ३,५१० | ११.६५ |
| **महोत्तरी** | २,४३२ | ३०११ | १०.०० |
| **सर्लाही** | २,९९५ | २,९९६ | ९.९५ |
| **रौतहट** | २,०३१ | २६०२ | ८.६४ |
| **बारा** | ४,५२५ | ४५६८ | १५.१६ |
| **पर्सा** | ३,५३८ | ३,५३८ | ११.७४ |
| **जम्मा** | २८,९३१.०० | ३०,१२५.०० | १०० |

*स्रोत : सम्बन्धित जिल्लाका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र*


### ३.३.३ वनजन्य उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशमा दाउरा उत्पादनमा ११.८६ प्रतिशतले तथा काठ उत्पादनमा ११७.६० प्रतिशतले वृद्धि भएको छ । मधेश प्रदेशमा रहेका मसला (सपेता) को रुखले अत्याधिक रुपमा पानीको शोषण गर्ने भएकोले यस प्रदेशका पालिकाहरुकै अगुवाइमा उक्त रुख कटानको कार्य भएकोले वनजन्य उत्पादन अन्तर्गत काठको उत्पादन अत्याधिक बढेको देखिएको छ ।

## ३.४ सिँचाई तथा मौसम

समीक्षा अवधिमा मधेश प्रदेशको कुल सिञ्चित क्षेत्रफल २.४१ प्रतिशतले वृद्धि भई ३ लाख ३३ हजार ५ सय ५१ हेक्टर पुगेको छ । कुल सिञ्चित क्षेत्रफलमध्ये कुलोद्वारा सिञ्चित क्षेत्रफल ४.३१ प्रतिशतले वृद्धि भई १ लाख १३ हजार ६ सय ८३ हेक्टर, नहरद्वारा सिञ्चित क्षेत्रफल १.९३ प्रतिशतले वृद्धि भई १ लाख ६६ हजार ७ सय ३६ हेक्टर र बोरिङद्वारा सिञ्चित क्षेत्रफल ४५ हजार ७ सय हेक्टर पुगेको छ । गत वर्षको सोही अवधिमा समग्र सिञ्चित क्षेत्रफल १.१९ प्रतिशतले वृद्धि भएको थियो । सो अवधिमा नहरद्वारा सिञ्चित क्षेत्रफल २.४४ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ३.२: सिञ्चित भूमिको क्षेत्रफल (हेक्टरमा)**




*स्रोत: जिल्ला स्थित जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय*

## ३.५. क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा गत वर्ष सोहि अवधिको भन्दा १०.३५ प्रतिशतले वृद्धि भई रु.६४ अर्ब ६२ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.५८ अर्ब ५६ करोड रहेको थियो। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १३.२३ प्रतिशत रहेको छ। मधेश प्रदेशमा प्रवाहित कुल कृषि कर्जामध्ये सर्लाही जिल्लामा प्रवाह भएको कर्जाको हिस्सा सबैभन्दा बढी अर्थात १६ प्रतिशत र सप्तरी जिल्लामा प्रवाह भएको कर्जाको हिस्सा सबैभन्दा कम अर्थात ८ प्रतिशत रहेको छ ।

**तालिका ३.६: मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा)**

| जिल्ला | कृषि कर्जा | हिस्सा (प्रतिशत) |
|---|---|---|
| सप्तरी | ५००.७४ | ७.७५ |
| सिरहा | ९१४.८६ | १४.१६ |
| धनुषा | ९८०.२१ | १५.१७ |
| महोत्तरी | ६९२.२८ | १०.७१ |
| सर्लाही | १०४६.५५ | १६.१९ |
| रौतहट | ६७६.७४ | १०.४७ |
| बारा | ७००.८७ | १०.८४ |
| पर्सा | ९५०.४४ | १४.७१ |
| जम्मा | ६,४६२.६९ | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

### ३.६ सहुलियतपूर्ण कर्जा

समीक्षा अवधिमा सहुलियतपूर्ण कर्जा रु.१० अर्ब ६४ करोड पुगेको छ । प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी रु.१ अर्ब ८० करोड अर्थात् १७ प्रतिशत धनुषा जिल्लामा र सबैभन्दा कम रु.५८ करोड अर्थात् ५ प्रतिशत सप्तरी जिल्लामा रहेको छ ।

**तालिका ३.७ : मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा)**

| जिल्ला | सहुलियतपूर्ण कर्जा | हिस्सा (प्रतिशत) |
|---|---|---|
| पर्सा | १४६.५० | १३.७७ |
| बारा | १४५.२३ | १३.६५ |
| रौतहट | १०९.२३ | १०.२६ |
| सर्लाही | १३५.६१ | १२.७४ |
| महोत्तरी | ११७.२० | ११.०१ |
| धनुषा | १८०.६३ | १६.९७ |
| सिरहा | १७१.४२ | १६.११ |
| सप्तरी | ५८.४४ | ५.४९ |
| **जम्मा** | **१,०६४.२६** | **१००.००** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु

#### ३.७.१ चुनौतीहरु

मधेश प्रदेशमा भौगोलिक सुगमता, खेतीयोग्य जमिनको प्रचुरता र यातायात तथा ढुवानीको लागि सहजता हुँदाहुँदै पनि कृषि क्षेत्रमा देहाय बमोजिम चुनौतीहरू रहेका छन् :

१. कृषि उत्पादनका लागि उचित बजारमा पहुँच नहुनाले किसानहरु प्रायः बिचौलियाको चंगुलमा परिरहेका हुन्छन् । उचित बजार तथा कृषि उपजको उचित मूल्य प्राप्तिको व्यवस्था गर्नु ।

२. किसानहरुलाई आधुनिक कृषि प्रविधि, कीट व्यवस्थापन, बाली चक्र र अन्य महत्वपूर्ण कृषि अभ्यासहरुको बारेमा पहुँच बढाउनु ।

३. मधेश प्रदेशमा वैदेशिक रोजगारी तर्फ आकर्षण बढेकाले कृषि क्षेत्रमा काम गर्ने जनशक्तिको अभाव र कृषि श्रमिकको लागतमा भएको वृद्धिलाई नियन्त्रण गर्नु ।

४. मधेश प्रदेशमा अधिकांश खेती अझै पनि वर्षामा आधारित रहेको हुँदा सिँचाई व्यवस्था मजबुत पार्न नदीनाला, भूमिगत जल स्रोतहरु, नहर प्रणालीहरुलाई व्यवस्थित गर्ने ।

५. कृषिमा प्रयोग हुने गुणस्तरिय बिउ, रासायनिक मल, जैविक मल, कीटनाशक औषधि जस्ता सामाग्रीहरुको समयमै सहज पहुँच हुने व्यवस्था गर्ने ।

६. बैक तथा वित्तीय संस्थाको ग्रामीण क्षेत्रमा न्यून उपस्थिति, उच्च धितोको माग, जटिल ऋण प्रक्रियाले गर्दा किसानहरु समयमा नै सहुलियतपूर्ण ऋणको उपलब्धताबाट वञ्चित भएकाले वित्तीय पहुँच बढाउनुपर्ने ।

७. मधेश प्रदेशमा धेरै किसानहरु साना र खण्डित जमिनमा खेती गर्छन् जसले गर्दा व्यावसायिक खेती सम्भव नरहेको । तथा सो जमिनमा दीर्घकालीन लगानी गर्न सहज नरहेको ।

८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमअनुसार मधेश प्रदेशका सिरहा, धनुषा र सर्लाही जिल्लाहरू धानको जोन क्षेत्रको रुपमा स्थापना भएकोमा सो अनुरुप उत्पादन तथा उत्पादकत्व बढाई दीगोपना कायम राख्नु ।

९. कृषिलाई प्रविधिमैत्री, व्यावसायिक, उच्च प्रतिफलदायी एवम् मर्यादित पेशाको रुपमा रुपान्तरण गरी युवा जनशक्तिलाई श्रम, सीप तथा पुँजीसहित यो क्षेत्रमा आकर्षित गर्नु ।

१०. भारतबाट सस्तो कृषि उत्पादनको सहज प्रवेशले स्थानीय उत्पादनमा मूल्य दबाब सृजना गर्ने हुँदा तुलनात्मक लाभको दृष्टिले चुनौती रहेको ।

**३.७.२ सम्भावनाहरु**

मधेश प्रदेशको कृषि क्षेत्रमा माथि उल्लेख भए बमोजिम चुनौतीहरू हुँदाहुँदै पनि देहाय बमोजिमका अवसरहरू पनि रहेका छन् :

१. मधेश प्रदेशमा सबैभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपतको लागि बजारको पनि उच्च सम्भावना रहेको छ ।

२. एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र कार्यक्रममार्फत कृषिको उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ ।

३. मधेश प्रदेशमा समतल उर्वर भूमिको प्रचुरता रहेकोले सिँचाई सुविधामार्फत कृषियोग्य भूमिको क्षेत्रफल विस्तार गरी खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

४. मधेश प्रदेशमा परम्परागत खेती, संस्कृति र ग्रामीण जीवनशैलीलाई जोडेर कृषि पर्यटन प्रवर्द्धन (Agro Tourism) गरी अतिरिक्त आम्दानी गर्न सकिने देखिन्छ ।

५. मधेश प्रदेश भारतको सीमावर्ती क्षेत्रमा भएकाले भारतको ठूलो बजारमा पनि सजिलै कृषि उत्पादनहरु विक्रि गर्न सक्ने सम्भावना रहेको छ ।

६. मधेश प्रदेशमा मौसमी तथा बहुमौसमी तरकारी तथा फलफूलको व्यावसायिक खेती गरेर देश तथा विदेशमा समेत विक्री गर्न सक्ने सम्भावना रहेको छ ।

७. मधेश प्रदेशमा कृषिमा रासायनिक पदार्थको प्रयोग कम गरी जैविक तरकारी र फलफूलको (Organic farming) उत्पादन बढाउने सम्भावना रहेको देखिन्छ ।


८. मधेश प्रदेशमा उर्वर तथा समथर भूमि रहेकोले प्रशस्त घाँस खेतीसमेत लगाउन सकिने भएकोले पशुपालनको माध्यमबाट मासु तथा दूधजन्य पदार्थको उत्पादन बढाई कुल गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याउन सकिने प्रचुर सम्भावना रहेको छ ।

# परिच्छेद-४ उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरूको क्षमता उपयोग औसतमा (Average Capacity Utilization) २७.६६ प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा यी उद्योगहरुको औसत क्षमता उपयोग २९.६० प्रतिशत रहेको थियो । समीक्षा अवधिमा पेय पदार्थ उद्योगले सबैभन्दा बढी ८१.५१ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ भने लत्ता कपडा उद्योगको क्षमता उपयोग सबैभन्दा कम ६.६४ प्रतिशत रहेको देखिन्छ ।

**चार्ट ४.१ नमुना छनौटमा परेका उद्योगहरुको क्षमता उपयोगिता**




*स्रोतः नमुना छनौटमा परेका स्थलगत अध्ययन भएका उद्योगहरु*

समीक्षा अवधिमा आल्मुनियम उद्योगको क्षमता उपयोग ८७.९२ प्रतिशत, तोरीको तेल उद्योगको क्षमता उपयोग ५२.११ प्रतिशत, भटमासको तेल उद्योगको क्षमता उपयोग ३३.३९ प्रतिशत, पशु दाना उद्योगको क्षमता उपयोग ४५.९० प्रतिशत, धागो उद्योगको क्षमता उपयोग ३०.१७ प्रतिशत, चामल उद्योगको क्षमता उपयोग २८.४९ प्रतिशत रहेको छ भने लत्ता कपडा अन्तर्गतको सिन्थेटिक कपडा, चुरोट, चिनी, प्रशोधित छाला, कागज (अखबारी कागजबाहेक) रड्राई सिरप उद्योगको क्षमता उपयोग क्रमशः ६.४० प्रतिशत, १९.६४ प्रतिशत, ९.८६ प्रतिशत, ३५.५७ प्रतिशत, ११.२६ प्रतिशत, ३.९३ प्रतिशत रहेको छ ।

गत वर्षको सोही अवधिमा आल्मुनियम उद्योगको क्षमता उपयोग ६७.७५ प्रतिशत, तोरीको तेल उद्योगको क्षमता उपयोग ४५.६५ प्रतिशत, भटमास तेल उद्योगको क्षमता उपयोग २०.३१ प्रतिशत, पशु दाना उद्योगको क्षमता उपयोग ३४.८१ प्रतिशत, धागो उद्योगको क्षमता उपयोग ३५.१७ प्रतिशत, चामल उद्योगको क्षमता उपयोग ४८.३३ प्रतिशत रहेको छ भने लत्ता कपडा अन्तर्गतको सिन्थेटिक कपडा, चुरोट, चिनी, प्रशोधित छाला, कागज (अखबारी कागजबाहेक) र ड्राई सिरप उद्योगको क्षमता उपयोग क्रमशः ४.९८ प्रतिशत, २०.४९ प्रतिशत, ७.३३ प्रतिशत, २१.५२ प्रतिशत, ९.५६ प्रतिशत, २.८० प्रतिशत रहेको थियो ।

## ४.२ समग्र औद्योगिक कर्जा स्थिति

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा १०.९९ प्रतिशतले बढ्न गई रु.१ खर्ब २५ अर्ब १३ करोड रहन गएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा

रु.१ खर्ब १२ अर्ब ७४ करोड रहेको थियो । समीक्षा अवधिमा मधेश प्रदेशमा औद्योगिक क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी कर्जा पर्सा जिल्लामा ६६.३३ प्रतिशत र सबैभन्दा कम सप्तरी जिल्लामा २.२० प्रतिशत रहेको छ। मधेश प्रदेशमा सबैभन्दा धेरै उद्योगहरू पर्सा जिल्लामा रहेकोले सबैभन्दा बढी औद्योगिक कर्जा प्रवाह उक्त जिल्लामा भएको देखिन्छ ।

**तालिका ४.१ जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा)**

| जिल्ला | कर्जा रकम | हिस्सा (प्रतिशत) |
|---|---|---|
| **सप्तरी** | २७४.९७ | २.२० |
| **सिरहा** | ६०५.९४ | ४.८४ |
| **धनुषा** | १,२१३.८७ | ९.७० |
| **महोत्तरी** | ५६०.९४ | ४.४८ |
| **सर्लाही** | ५१३.३२ | ४.१० |
| **रौतहट** | ४३४.३७ | ३.४७ |
| **बारा** | ६०९.९६ | ४.८७ |
| **पर्सा** | ८२९९.८९ | ६६.३३ |
| **जम्मा** | **१२,५१३.२७** | **१००.००** |


*स्रोतः- नेपाल राष्ट्र बैंक*

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा रु.१ खर्ब २५ अर्ब १३ करोडमध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५८.९५ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३०.१६ प्रतिशत, निर्माण उद्योगतर्फ ५.४४ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स तथा धातुका सामान उत्पादनतर्फ ४.१३ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ ०.५४ प्रतिशत र खानी उद्योगतर्फ ०.७७ प्रतिशत कर्जा प्रवाह भएको छ । समग्रमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा औद्योगिक कर्जा विस्तारमा १०.९९ प्रतिशतले बढेको छ ।

गत आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा निर्माण उद्योगतर्फ प्रवाह भएको कर्जामा १.१६ प्रतिशत, धातुका उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स उत्पादनतर्फ २.३८ प्रतिशत र विद्युत् ग्याँस तथा पानीतर्फ प्रवाह भएको कर्जामा २४.०५ प्रतिशत, गैर-खाद्यवस्तु उत्पादनतर्फ प्रवाह भएको कर्जामा १०.८० प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादनतर्फ १६.०४ प्रतिशतले वृद्धि भएको छ भने खनिज उत्पादनमा प्रवाह भएको कर्जामा २७.२१ प्रतिशतले कमी आएको छ ।

**चार्ट ४.२: क्षेत्रगत औद्योगिक कर्जा स्थिति (रु. करोडमा)**




*स्रोत : नेपाल राष्ट्र बैंक*

### ४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशका सम्पूर्ण भू-भाग समतल रहेकोले यातायात तथा ढुवानीको सहजता रहेको छ । साथै दक्षिण तर्फको सीमा भारतसँग जोडिएकोले निकासी बजारको समेत अवसर छ । तसर्थ, यस प्रदेशमा उद्योग स्थापना गरी सञ्चालन गर्न, उत्पादित सामान निकासी गर्न र देशैभर पुऱ्याउन सहज छ । यस्तो अवस्था हुँदाहुँदै पनि यस प्रदेशमा औद्योगिक क्षेत्रसँग सम्बन्धित देहाय बमोजिमका चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

#### ४.४.१ चुनौतीहरु

१. बजार, श्रमशक्ति लगायत भौगोलिक रुपले औद्योगिक विकासको सम्भावना बोकेको स्थानलाई औद्योगिक जोनको रुपमा विकास गर्नु ।

२. स्थानीय औद्योगिक उत्पादनलाई प्रतिस्पर्धी बनाउन खुला सीमाना व्यवस्थित गरी अवैध व्यापार नियन्त्रण गर्नु ।

३. उद्योगको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी बाह्य उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु ।

४. उद्योग/व्यवसायको क्रियाकलापलाई स्वच्छ र पारदर्शी बनाई सर्वसाधारणबाट समेत ठूलो मात्रामा पुँजी परिचालन गर्न आवश्यक विश्वासको वातावरण तयार गरी संस्थागत संस्कृतिको विकास गर्नु ।

५. औद्योगिक उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।

६. औद्योगिक क्षेत्रमा मैत्रीपूर्ण श्रमसम्बन्ध विकास गरी गैर व्यापारिक तथा गैर व्यावसायिक जोखिम न्यूनीकरण गर्नु ।

७. अधिकांश उद्योगहरू ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालित रहेकाले पूर्ण क्षमतामा सञ्चालन हुने वातावरण तयार गर्नु । श्रमिक, ऊर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्ध हुने अवस्थाको अन्त्य गर्दै वर्षैभरि उद्योग चल्ने वातावरण बनाई कच्चा पदार्थको नोक्सानी घटाउनु तथा उत्पादनको लागत घटाउनु ।

८. प्रमुख कृषि उत्पादनको रुपमा रहेको उखु उत्पादन तथा उखुको गुणस्तर सुधार गर्दै चिनी उत्पादनमा आत्मनिर्भर तुल्याउनु ।

९. व्यवस्थित तवरले उद्योग सञ्चालन गर्नका लागि आवश्यक आधारभूत पूर्वाधारहरु जस्तैः सडक, बिजुली, खानेपानी, सञ्चार र यातायातको विकास गर्नु ।

१०. सिमित मात्रामा मात्रै औद्योगिक क्षेत्रहरु रहेकाले नयाँ उद्योगहरुको स्थापनाका लागि चाहिने आवश्यक आधारभूत पूर्वाधारहरुको व्यवस्था तथा विकास गर्नु ।

११. उद्योगमा उत्पादन भएका वस्तुहरुको वितरण र बिक्रीका लागि आवश्यक बजार पहुँच बढाउने तथा व्यवस्थित गर्नु ।

#### ४.४.२ सम्भावनाहरु

१. मधेश प्रदेश भारतको सीमावर्ती क्षेत्रमा भएकाले भारतको ठूलो बजारमा व्यापार र उद्योग विस्तारका लागि सम्भावना रहेको छ ।

२. कृषिजन्य उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योग (जस्तैः चिनी उद्योग, खाद्य प्रशोधन, तेल उद्योग) स्थापना गर्ने राम्रो सम्भावना रहेको छ ।

३. मधेश प्रदेशमा सांस्कृतिक, धार्मिक र ऐतिहासिक विशेषताले भरिपूर्ण रहेकोले सोसँग सम्बन्धित उद्योगहरु (जस्तैः हस्तकला, होटल) विस्तारका लागि सम्भावना रहेको छ।

४. मधेश प्रदेशमा प्रसिद्ध धार्मिक तीर्थस्थलहरू रहेकोले परम्परागत सीपमा आधारित धार्मिक सांस्कृतिक महत्वका वस्तुहरूमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरी स्थानीय नागरिकको आय आर्जन बढाउने तथा राजस्व परिचालनको आधार फराकिलो बनाउन सक्ने देखिन्छ।

५. मुलुकको सबैभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने देखिन्छ।

६. मधेश प्रदेशको सम्पूर्ण भू-भाग दक्षिणी सीमा भारतसँग खुलारुपमा जोडिएकोले भारतबाट आयात हुने औद्योगिक कच्चा पदार्थको ढुवानी लागत सस्तो हुने भएकोले कम लागतमा वस्तु उत्पादन गरी निकासी गर्न सक्ने सम्भावना रहेको छ।

७. धान, गहुँ, मकै जस्ता अन्न बालीको प्रशस्त उत्पादन हुनुको साथै सुगम भौगोलिक संरचना रहेकोले यो प्रदेशमा खाद्य प्रशोधन उद्योगहरूको राम्रो सम्भावना रहेको छ।

# परिच्छेद-५ सेवा क्षेत्र

## ५.सेवा क्षेत्र

सेवा क्षेत्रअन्तर्गत मधेश प्रदेशमा सञ्चालित पर्यटन उद्योग, सार्वजनिक निर्माण, रियलस्टेट, वित्तीय सेवा, यातायात, सञ्चार, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, सार्वजनिक प्रशासन, स्वास्थ्य एवम् सुरक्षा व्यवस्था जस्ता क्षेत्रहरूलाई समावेश गरिएको छ। तीमध्ये प्रमुख उप-क्षेत्रहरूको समीक्षा अवधिको स्थिति निम्नानुसार रहेको छ।

## ५.१ पर्यटन

समीक्षा अवधिमा छनौटमा परेका मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्या गत वर्षको सोही अवधिको तुलनामा ४.२२ प्रतिशतले कमी आएको छ। २०८० पुससम्मको पहिलो ६ महिनामा यस क्षेत्रको रोजगारीमा २८.४३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा पर्यटक आगमनमा ९.१८ प्रतिशतले वृद्धि भई १५ हजार ३८ जना पुगेको छ। कुल पर्यटक आगमनमा भारतबाट १२ हजार ७ सय ५८ जना र तेस्रो मुलुकबाट २ हजार २ सय ८० जना पर्यटकले भ्रमण गरेको छ। गत वर्षको सोही अवधिमा पर्यटक आगमन ५६.२३ प्रशितले वृद्धि भई १३ हजार ७ सय ७३ जना रहेको थियो। पर्यटक आगमनमा वृद्धि भएसँगै होटलहरूको व्यवसायमा विस्तार भएकाले रोजगारीको अवसर समेत वृद्धि भएको देखिन्छ।

## ५.२.सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा मधेश प्रदेशको समग्र घरजग्गा रजिष्ट्रेशन संख्या ६० हजार ७ सय ८३ पुगेको छ भने घर जग्गा रजिस्ट्रेशन राजस्व रु.१ अर्ब १९ करोड ५२ लाख संकलन भएको छ। समीक्षा अवधिमा नक्शा पास स्वीकृत संख्या १ हजार ८ सय ५४ रहन गएको छ।

**तालिका ५.१ सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०८१ पुस मसान्तसम्म |
|---|---|
| **घरजग्गा रजिष्ट्रेशन सङ्ख्या** | ६०७८३ |
| **घर/भवन स्थायी नक्सा पास सङ्ख्या** | १८५४ |
| **घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा)** | ११९५.२२ |

*स्रोत : मालपोत कार्यालय तथा उप-महानगरपालिका/नगरपालिका कार्यालय*

## ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा मधेश प्रदेशमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या १ हजार ७ सय ६३ रहेको छ। गत वर्षको सोही अवधिमा यस प्रदेशमा सञ्चालित बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या १ हजार ७ सय ७५ रहेको थियो।

सञ्चालनमा रहेका शाखाहरूमध्ये बाणिज्य बैंकको ५८१, विकास बैंकको ८४, वित्त कम्पनीको ५३ र लघुवित्तको १ हजार ४५ शाखाहरु रहेको छ। जिल्लागत आधारमा शाखाहरुको उपस्थिति सबैभन्दा बढी शाखा संख्या धनुषा र बारा जिल्लामा रहेको छ भने सबैभन्दा कम रौतहट जिल्लामा रहेको छ। समीक्षा अवधिमा यस प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूको ATM संख्या १०३५ रहेको छ भने गत आर्थिक बर्षको सोही अवधिमा जम्मा ४८५ रहेको थियो। सबैभन्दा बढी ATM संख्या धनुषा जिल्लामा १६८ वटा र सबैभन्दा कम ATM संख्या सप्तरी जिल्लामा ८८ वटा रहेको छ।

**तालिका ५.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरू**

| जिल्ला | २०८१ पुस मसान्तसम्मको शाखा संख्या | २०८१ पुस मसान्तसम्मको ATM संख्या |
|---|---|---|
| सप्तरी | १९५ | ८८ |
| सिरहा | २३१ | १४० |
| धनुषा | २५० | १६८ |
| महोत्तरी | २२० | ९४ |
| सर्लाही | २४१ | १३३ |
| रौतहट | १७८ | ८९ |
| बारा | २५० | १५७ |
| पर्सा | १९८ | १६६ |
| जम्मा | १,७६३ | १,०३५ |


*स्रोत:- नेपाल राष्ट्र बैंक*

## ५.४ निक्षेप तथा कर्जा स्थिति

बैंक तथा वित्तीय संस्थाहरूले समीक्षा अवधिमा यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप गत वर्षको सोही अवधिको तुलनामा १३.१७ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५३ अर्ब ४२ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ५.३३ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १२ अर्ब ३० करोड पुगेको थियो ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा १२.१७ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ८८ अर्ब ३८ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ३.२९ प्रतिशतले कमी भई रु.४ खर्ब ३५ अर्ब ३८ करोड रहेको थियो। निक्षेप परिचालन र कर्जा प्रवाहको आँकडालाई तुलना गर्दा अन्य प्रदेशहरुमा संकलन भएको वित्तीय स्रोत मधेश प्रदेशमा स्थानान्तरण (Transfer) भई सोको उपयोग भएको देखिन्छ ।

**चार्ट ५.१ : निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा)**




*स्रोत:- नेपाल राष्ट्र बैंक*

## ५.५ यातायात

समीक्षा अवधिसम्ममा मधेश प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या गत वर्षको सोही अवधिको तुलनामा ३.०६ प्रतिशतले वृद्धि भई ११ लाख ३१ हजार १ सय १६ पुगेको छ। गत वर्षको सोही अवधिसम्ममा उक्त सवारी साधनको संख्या ४.६५ प्रतिशतले वृद्धि भई १० लाख ९७ हजार ५ सय १९ पुगेको थियो । सवारी साधनमध्ये

मोटरसाइकलको संख्यामा ३.३५ प्रतिशतले वृद्धि भई ८ लाख ५१ हजार ७ सय ४० र अन्य यातायात साधनको संख्यामा २.२० प्रतिशतले वृद्धि भई २ लाख ७९ हजार ३ सय ७६ पुगेको छ ।

**तालिका ५.३ : मधेश प्रदेशमा यातायातको स्थिति**

| विवरण | २०८० पुस मसान्त | २०८१ पुस मसान्त | समीक्षा अवधिको परिवर्तन (%) |
|---|---|---|---|
| मोटरसाईकल | ८,२४,१६१ | ८५१७४०.०० | ३.३५ |
| अन्य | २,७३,३५८ | २७९३७६.०० | २.२० |
| **कुल संख्या** | **१०,९७,५१९** | **१,१३१,११६** | **३.०६** |

*स्रोतः- यातायात व्यवस्था कार्यालय, मधेश प्रदेश*

### ५.६ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ११.२७ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ७० अर्ब ८ करोड कायम भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा ४.३२ प्रतिशतले कमी भई रु.१ खर्ब ५३ अर्ब ७३ करोडमा सिमित भएको थियो ।

**तालिका ५.४ : सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा)**

| विवरण | २०७९/८० पुस मसान्त | २०८०/८१ पुस मसान्त | २०८१/८२ पुस मसान्त |
|---|---|---|---|
| यातायात, भण्डारण र संचार | ६,३० | ७,४८ | ४२६.८३ |
| थोक तथा खुद्रा बिक्रेता | १,३८,६२ | १,३४,७१ | १५,०११.१० |
| वित्त, बीमा तथा अचल सम्पत्ति | ६,२३ | ३,६९ | ६३६.६५ |
| पर्यटन | ७,०८ | ५,५३ | ७३९.०७ |
| अन्य सेवा | २,९५ | २,३२ | २७३.७९ |
| जम्मा | **१६,११८** | **१५,३७३** | **१७,०८७.४४** |

*स्रोतः- नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ भएको कुल कर्जामध्ये सबैभन्दा बढी पर्सा जिल्लामा रु.५५ अर्ब २७ करोड अर्थात् मधेश प्रदेशमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको २८.०१ प्रतिशत र सबैभन्दा कम सप्तरी जिल्लामा रु.९ अर्ब ११ करोड अर्थात् मधेश प्रदेशमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जाको ४.६२ प्रतिशत रहेको छ ।

**तालिका ५.५ : जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोडमा)**

| जिल्ला | रकम | जिल्लागत हिस्सा (%) |
|---|---|---|
| पर्सा | ५५२७.४९ | २८.०१ |
| बारा | १४७०.४७ | ७.४ |
| रौतहट | १२८७.४८ | ६.५२ |
| सर्लाही | १८०९.०५ | ९.१७ |
| महोत्तरी | १४४०.८७ | ७.३० |
| धनुषा | २६०५.९२ | १३.२० |
| सिरहा | २०३४.४४ | १०.३१ |
| सप्तरी | ९११.७३ | ४.६२ |
| जम्मा | **१७,०८७.४४** | **१००.००** |

*स्रोतः- नेपाल राष्ट्र बैंक*

### ५.७ सहकारी क्षेत्र

समीक्षा अवधिमा यस प्रदेशका सहकारीहरुमध्ये नमुना छनौटमा परेका १० वटा सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा सहकारीको अवस्था विश्लेषण गरिएको छ ।

१. २०८१ पुस मसान्तसम्ममा छनौटमा परेका सहकारीहरुको कुल पुँजी ४२.५४ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ६३ करोड १२ लाख पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ७.५९ प्रतिशत रहेको थियो ।


२. २०८१ पुस मसान्तसम्ममा छनौटमा परेका सहकारीहरुको कुल बचत रु.५ अर्ब ९० करोड ५३ लाख पुगेको छ ।

३. २०८१ पुस मसान्तसम्ममा छनौटमा परेका सहकारी संस्थाहरुबाट भएको ऋण प्रवाहमा १०.७२ प्रतिशतले कमी आई रु.५ अर्ब ५ करोड ५३ लाख रहेको छ । गत वर्षको सोही अवधिमा ऋण प्रवाहमा १३.३४ प्रतिशतले कमी आएको थियो ।

४. २०८१ पुस मसान्तसम्ममा छनौटमा परेका सहकारी संस्थाका कुल सदस्य संख्या १६.६५ प्रतिशतले घट्न गई ६२ हजार ४ सय ८४ रहेको छ ।

५. २०८१ पुस मसान्तसम्ममा छनौटमा परेका सहकारी संस्थाका कर्मचारी संख्यामा ९.९२ प्रतिशतले कमी आएको छ । गत वर्षको सोही वर्षमा कर्मचारी संख्यामा १.५६ प्रतिशतले कमी आएको थियो ।

**चार्ट ५.२ : पुँजी, बचत र ऋण लगानीको अवस्था (रु.दश लाखमा)**




*स्रोतः नमुना सर्वेक्षणमा परेका १० सहकारी संस्थाहरु*

### ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशमा धार्मिक तथा साँस्कृतिक महत्व बोकेका पोखरीहरू प्रशस्त रहेकाले यसको सरसफाई गरी जल मनोरञ्जनात्मक साधनको प्रयोग गर्न सकेमा धार्मिक तथा सबै प्रकारका पर्यटकहरूलाई आकर्षित गर्न सकिने देखिन्छ । उपयुक्त भौगोलिक अवस्थिति भएकाले अस्पताल तथा ठूला शिक्षण संस्थाहरूको स्थापना गरी शिक्षा तथा स्वास्थ्य सेवा निर्यात गर्न सकिने सम्भावना रहेको छ । तथापि, यस क्षेत्रको विकासमा देहायबमोजिमका चुनौती र सम्भावनाहरू रहेको देखिन्छ ।

### ५.८.१ चुनौतीहरू

१. मधेश प्रदेशका दक्ष जनशक्तिहरु विदेश पलायन हुने प्रवृतिमा वृद्धि भएकाले सेवा क्षेत्र सञ्चालनका लागि प्राविधिक, स्वास्थ्यकर्मी, शिक्षक, सूचना प्रविधि विज्ञ जस्ता योग्य र दक्ष जनशक्तिको व्यवस्था गर्नु ।

२. सहरी क्षेत्रमा मात्रै सेवा सुविधाहरु सिमित रुपमा उपलब्ध रहेकोमा ग्रामीण भेगमा पनि आधारभूत सेवाहरु जस्तैः स्वास्थ्य चौकी, विद्यालय, बैंक शाखा तथा प्रशासनिक कार्यालयहरुको पहुँच पुऱ्याउनु ।

३. मधेश प्रदेशमा सेवारत बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्रोत तथा साधनलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गराउनु ।

४. वित्तीय चेतना तथा पहुँच अभिवृद्धि गरी वित्तीय अपराध र अनौपचारिक कारोवार न्यूनीकरण गर्नु ।

५. मधेश प्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति सम्बन्धी विषय वस्तुहरूको संरक्षण र विकास गर्नु ।

६. मानव निर्मित पोखरी तथा तालतलैया लगायत शहरको उचित सरसफाई तथा सजावट गरी मनोरञ्जनात्मक गतिविधिहरूको प्रवर्द्धन गरी पर्यटन विकास गर्नु ।

७. अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरीकरणको विकास गर्नु ।

८. पर्यटकीय एवम् मनोरञ्जनका स्थलहरूको खोजी तथा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा वृद्धि गर्नु तथा बसाई अवधि लम्ब्याउनु ।

९. स्थानीय बासिन्दाहरूमा शहर तथा प्राचीन र साँस्कृतिक सम्पदाहरूको सरसफाईसम्बन्धी जनचेतना जगाई पर्यटन क्षेत्रको विकासलाई प्रोत्साहित गर्नु ।

### ५.८.२ सम्भावनाहरू

१. मधेश प्रदेशमा प्राविधिक तालिम र दक्षता विकास गरी स्थानीय श्रमशक्तिलाई सेवा क्षेत्रमा परिचालन गर्न सकिने सम्भावना रहेको छ ।

२. मधेश प्रदेशमा उच्च जनघनत्व रहेकाले स्वास्थ्य, शिक्षा, बैंकिङ्ग, बीमा, सञ्चार जस्ता सेवा क्षेत्रहरुमा लगानीको लागि व्यापक सम्भावना रहेको छ ।

३. मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको छ ।

४. मधेश प्रदेश ताजा माछाको लागि लोकप्रिय रहेको तथा हवाई र स्थलमार्गको सुगम पहुँच रहेकोले स्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरेमा माछापालन हुने स्थानहरूमा मत्स्य पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना रहेको छ ।

५. उपयुक्त भौगोलिक संरचना रहेकोले शिक्षा, स्वास्थ्य तथा खेलकुद क्षेत्रलाई समावेश गरी एकीकृत पर्यटन कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावना रहेको छ ।

६. जनकपुर क्षेत्रमा रहेको पोखरी तथा तालतलैयाहरू लगायत शहरको उचित सरसफाई र श्रृंगार गरी पर्यटक आकर्षित गर्न सकेमा यसबाट समेत पर्यटन क्षेत्रको विस्तार गर्न सकिने देखिन्छ ।

७. मधेश प्रदेशमा अधिकांश भू-भाग समथर भएकोले यहाँ निर्माण सेवा, उत्पादनमूलक कार्य र यातायात सञ्जाल विकास गर्न सहज हुने देखिन्छ ।

८. भारतसँग खुल्ला सिमाना भएकोले पर्यटन पूर्वाधार विकास गर्न सके भारतीय पर्यटक भित्र्याउन सकिने उच्च सम्भावना रहेको छ ।

९. मधेश प्रदेश कृषि तथा माछापालनमा अग्रस्थानमा रहेकोले कृषिलाई आकर्षक र आधुनिक व्यवसायको रुपमा विकास गरी कृषि पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद-६ पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

मधेश प्रदेशमा रहेका निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरूको सम्पन्न हुने तोकिएको समय सीमा बढदै गएको छ। प्रदेश भित्रका स्थानीय तहहरूले विकास निर्माणका बाँकी कार्यहरूमा तीव्रता ल्याउँदा सडक, खानेपानी, ढल निर्माण जस्ता स-साना आयोजनाहरू सम्पन्न हुने क्रममा छन् । हुलाकी राजमार्ग निर्माणको कार्य प्रगतिमा वृद्धि, जयनगर-जनकपुर-कुर्था रेल्वेको बाँकी खण्ड विस्तार भई विजलपुरा हुँदै बर्दिवाससम्म पुऱ्याउने कार्य अघि बढिरहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अघि बढाउन सरकारले बजेट र कार्यक्रमहरू अघि बढाएकाले आगामी वर्षहरूमा पूर्वाधार क्षेत्रको प्रगतिमा उल्लेख्य सुधार हुने अनुमान छ।

### ६.१.१ जयनगर-जनकपुर-भंगहा रेल्वे

नेपाल रेल्वे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-भंगहा रेल्वेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई भंगहासम्म सञ्चालनमा आएको छ। हाल भंगहा-जयनगर दैनिक एक पटक र जनकपुर-जयनगर दैनिक तीन पटक सञ्चालन हुने गरेको छ। भारत सरकारको पूर्ण लगानीमा सम्पन्न भएको भौतिक पूर्वाधार निर्माण अन्तर्गत रेल्वेको लिक बिछ्याउने तथा विभिन्न स्टेशनहरूमा प्लेटफर्म बनाउने र रेलको इन्जिन र बग्गी खरिद समेतको कुल लागत रु.८ अर्ब रहेको जानकारी सो कम्पनीबाट प्राप्त भएको छ। कम्पनीका अनुसार रेलको यात्रु क्षमता १ हजार ३ सय रहेको छ, जसमा एसी क्याबिनमा ५६ जना र जनरल क्याबिनमा जम्मा १ हजार २ सय ४४ जना यात्रु अट्ने क्षमता रहेको छ।

हाल सम्पन्न पूर्वाधार अनुसार महोत्तरीको भंगहाबाट, कुर्था, जनकपुर, परवाहा, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमास्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ५१.१३६ कि.मी. रहेको छ। कुर्था-विजलपुरा सम्मको ३५ कि.मी. खण्ड भने निर्माणाधीन अवस्थामा रहेको छ। कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ को जुलाई १६ देखि सञ्चालनमा आएको छ। हाल भंगहादेखि जयनगर ५१.१३६ कि.मी. रेल्वे सञ्चालनमा रहेको छ। भंगहादेखि बर्दिवाससम्म १८ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको कार्य भइरहेको जानकारी प्राप्त भएको छ। आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म टिकट विक्रीबाट आम्दानी रकम रु.४ करोड १० लाख ८९ हजार भएको छ भने चालु खर्च रु.२ करोड ८० लाख ४३ हजार र पुँजीगत खर्च रु.२ लाख ९९ हजार भएको छ। हाल कार्यरत १५६ जना कर्मचारीमध्ये १३३ जना नेपाली नागरिक तथा २३ जना भारतीय नागरिक रहेका छन्।

### ६.१.२ काठमाडौं-तराई मधेश द्रुतमार्ग

काठमाडौं-तराई मधेस द्रुतमार्ग सडक आयोजना, नेपालको राजधानी काठमाडौंलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard Primary Class A) हो। यस द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाडौंलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ को निर्णयअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४ श्रावण २७ मा नेपाली सेनालाई आयोजना हस्तान्तरण भई निर्माण शुरु भएको छ। नेपाली सेनालाई आयोजना हस्तान्तरण भएपश्चात् Asian Development Bank (ADB) द्वारा तयार पारिएको Feasibility Study & Preliminary Design Report 2008 लाई आधार मानी आयोजनाका निर्माण कार्यहरू अगाडि बढिरहेको छ। कोरियाको Soosung Engineering & Consulting ले द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी स्वीकृतिका लागि पेश भएकोमा २०७६ भदौ १ मा स्वीकृत भईसकेको छ। चार लेनको यस आयोजना ललितपुरको

खोकनादेखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म जम्मा लम्बाई ७०.९७७ किलोमिटर र आयोजनाको क्षेत्र ललितपुर (९ कि.मि.), काठमाडौं (४.६ कि.मि.), मकवानपुर (४९.७७ कि.मि.) र बारा (७.६ कि.मि.) रहेको छ ।

आ.व. २०७४/७५ बाट शुरु भएको यस आयोजना मिति २०८३ चैत्रमा सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि सो अनुरुपको प्रगति भने हुन सकेको छैन । प्रारम्भिक लागत रु.१ खर्ब ११ अर्ब अनुमान रहेको यस आयोजनाको संशोधित लागत रु.२ खर्ब ११ अर्ब ९३ करोड रहेको छ । काठमाडौं-तराई मधेश द्रुतमार्ग सडक आयोजना प्रमुखको कार्यालय जंगी अड्डा, काठमाडौंको पत्रानुसार हालसम्म समष्टिगत भौतिक प्रगति ३७.६० प्रतिशत र वित्तीय प्रगति ३९.५६ प्रतिशत (मोविलाईजेशन सहित) रहेको छ । यस आयोजनाले प्रभाव पार्ने जिल्लाहरु काठमाडौं, ललितपुर, बारा, चितवन, मकवानपुर, पर्सा, रौतहट, सर्लाही, धनुषा, सिरहा, सप्तरी र सुनसरी लगायत तराईका जिल्लाहरु रहेका छन् । हाल यस आयोजनामा २,१४५ जनाले रोजगारी पाएका छन् जसमध्ये १,८७६ जना स्वदेशी तथा २६९ जना विदेशी कामदारहरु रहेका छन् । ललितपुरको खोकनामा सडकको निर्धारित रेखाङ्कन क्षेत्रमा पुरातात्विक महत्वको मठ-मन्दिर परेका कारण सडकको रेखाङ्कन परिवर्तन गर्नुपर्ने अवस्था र बेस क्याम्प तथा सडक निर्माण स्थलमा विद्युत आपूर्ति सहज हुन नसकेको कारणले काममा केही ढिलाई भएको व्यहोरा सो प्रतिवेदनमा उल्लेख भएको छ ।

### ६.१.३ हुलाकी राजमार्ग

यस आयोजनाले पूर्वमा झापाको भद्रपुरबाट पश्चिममा कन्चनपुरको दैजीसम्म तराई मधेशका जिल्ला सदरमुकाम र घना बस्तीलाई जोड्दै १८५७ कि.मी. यातायातको पहुँच विस्तार गर्ने देखिन्छ । आर्थिक वर्ष २०६६/६७ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.४७ अर्ब २४ करोड रहेकोमा संशोधित लागत अनुमान रु.६५ अर्ब २० करोड पुगेको छ । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागबाट सार्वजनिक भएको आ.व. २०७९/८० को वार्षिक समीक्षा अनुसार हालसम्मको समग्र भौतिक प्रगति ९१ प्रतिशत र वित्तीय प्रगति ९१ प्रतिशत (रु.५९ अर्ब ३३ करोड) रहेको छ । हालसम्ममा कुल १ हजार ८ सय ५७ कि.मी. सडकमध्ये १ हजार ३९ कि.मी.सडकमा कालोपत्रे गरिएको छ भने ४ सय कि.मि. सडक निर्माणाधीन अवस्थामा रहेको छ । कुल २ सय ५० पुलमध्ये १ सय ३२ वटा पुलको निर्माण सम्पन्न भएको र ४५ वटा पुल निर्माणाधीन रहेका छन् । २११.५ कि.मि. सडक र ५० वटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी रहेको छ । आ.व. २०८१/८२ मा यस आयोजनाको लागि रु.३ अर्ब ४८ करोड ९० लाख बजेट विनियोजन भएको छ । आ.व. २०८१/८२ मा १०० कि.मि. सडक कालोपत्रे तथा २० वटा पुल निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ । हुलाकी सडकको सडक सीमामा जग्गा अधिग्रहणको समस्या रहेको तथा ठुलो पुलहरुमा निमार्ण कार्य ज्यादै सुस्त भएकोले ठेक्का व्यवस्थापनमा चुनौती देखिएको छ ।

### ६.१.४ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको काम आ.व. २०७१/७२ बाट शुरु भई आर्थिक वर्ष २०८५/८६ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय सम्बन्धमा प्रकाशित विवरण, २०७७ अनुसार नेपाल सरकार र Land Mark Worldwide बीच सम्पन्न सम्झौताअनुसार निजगढमा एयरपोर्ट सिटीसहित विमानस्थल बनाउने सम्बन्धमा Land Mark Worldwide ले तयार गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार यसको अनुमानित लागत रु.८ खर्ब रहेको छ । राष्ट्रिय गौरवको यस आयोजना सन् २०२५ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार यस आयोजनाको लागि

गर्नुपर्ने प्राथमिक तयारीका कार्यहरू विमानस्थल क्षेत्रमा तारबार लगाउने, ६६ बिगाह निजी जग्गा अधिग्रहण गर्ने, वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने, बकाहा र पसाहा खोलामा ४ हजार मिटर नदी नियन्त्रण गर्ने कार्य सम्पन्न भएको छ। विमानस्थल क्षेत्रमा रहेका सुकुम्बासी बस्तीको घरजग्गाको लगत लिई तिनको व्यवस्थापनको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालयमार्फत कारवाही अघि बढाइएको छ । विमानस्थलको गुरुयोजना निर्माणको ५० प्रतिशत कार्य सम्पन्न भएको छ। प्रथम चरणको निर्माण कार्यका लागि १ हजार ९ सय हेक्टर क्षेत्रफलभित्र पर्ने रुख, पोलको लगत नम्बरिङ्ग कार्य भइरहेको छ। परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन (Detail Feasibility Study) तथा आयोजनास्थल वरपर सीमाङ्कन गर्ने कार्य सम्पन्न भएको छ । हाल आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्या तथा चुनौतीहरूमा टाँगिया बस्ती व्यवस्थापन र आयोजनाका मोडालिटी बारे निर्णय हुन नसक्नु रहेको छ। सम्मानित सर्वोच्च अदालतको निर्णयपश्चात् हाल यो आयोजनाको काम अगाडि बढ्न सकेको छैन ।

### ६.२. रोजगारी

प्रदेशको रोजगारीसम्बन्धी विवरणलाई वैदेशिक रोजगारी र आन्तरिक रोजगारी गरी दुई प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ६.२.१ वैदेशिक रोजगारी

मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि ठूलो संख्यामा श्रमिकहरू विदेश गएका छन् । धनुषा जिल्ला मुलुककै सबैभन्दा बढी वैदेशिक रोजगारीका लागि श्रम निर्यात गर्ने जिल्लाको रुपमा रहेको छ । वैदेशिक रोजगारीमा जाने कामदारको संख्या उल्लेख्य रहेतापनि अदक्ष कामदारको संख्या अधिक रहेको छ । आर्थिक वर्ष २०८१/८२ को पुस महिनासम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या ८८ हजार ६ सय ८९ रहेको छ । यो संख्या बाह्य रोजगारीका लागि मुलुकभरिबाट श्रम स्वीकृति लिने संख्याको २२.५६ प्रतिशत हो। मधेश प्रदेशबाट वैदेशिक रोजगारीमा गएका कामदारहरूमध्ये सबैभन्दा बढी कामदार कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत र मलेसियामा कार्यरत छन् ।

**तालिका ६.१ : श्रम स्वीकृति लिनेहरुको संख्या**

| जिल्ला | श्रम स्वीकृति संख्या | मुलुकभरकोसँग तुलना (%) | मुलुकभरको जम्मा |
|---|---|---|---|
| **सप्तरी** | ९,५४७ | २.४३ | **३,९३,०६७** |
| **सिरहा** | १६,०९२ | ४.०९ | |
| **धनुषा** | २०,७०३ | ५.२७ | |
| **महोत्तरी** | १४,४७७ | ३.६८ | |
| **सर्लाही** | १०,७९६ | २.७५ | |
| **रौतहट** | ६,५६७ | १.६७ | |
| **बारा** | ६,९८१ | १.७८ | |
| **पर्सा** | ३,५२६ | ०.९० | |
| **जम्मा** | **८८,६८९** | **२२.५६** | |

*स्रोत : श्रम विभाग, मासिक प्रतिवेदन साउन देखि पुस २०८१*

### ६.२.२ आन्तरिक रोजगारी

नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८० अनुसार मधेश प्रदेशको गरिबी २२.५३ प्रतिशत रहेको छ भने यु.एन.डि.पि. रिपोर्ट (सन् २०२५) अनुसार मानव विकास सूचकाङ्क ०.६२२ रहेको छ । आन्तरिक रोजगारी अन्तर्गत संघीय तथा

प्रादेशिक सरकारले वार्षिक कार्यक्रम तथा आवधिक योजनामार्फत मधेश प्रदेशमा देहाय बमोजिमका रोजगारमूलक कार्यक्रमहरू सञ्चालित रहेका छन् :

१. संघीय सरकारले मानव विकास सूचकाङ्कमा पछाडी परेको मधेश प्रदेशका जिल्लाको आर्थिक सामाजिक विकास एवम् पूर्वाधार निर्माणका लागि तराई मधेश समृद्ध कार्यक्रम सञ्चालन गरेको छ ।

२. स्थानीय तहमा सञ्चालित सार्वजनिक विकास निर्माणका कार्यहरू श्रममूलक प्रविधिमार्फत सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भईरहेको छ ।

३. सहुलियतपूर्ण कर्जा कार्यक्रमअन्तर्गत स्थानीयस्तरमै थप रोजगारी सिर्जना गर्ने अघिल्लो वर्षको लक्ष्यलाई थप प्रभावकारी बनाउदै उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न विशेष जोड दिएको छ ।

४. चालु आ.व.को बजेट वक्तव्यमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीयस्तरमा सञ्चालन हुने सडक, सिँचाई, भवन, पुल, नदी नियन्त्रण, वृक्षारोपणलगायत संघ, प्रदेश र स्थानीय तहका आयोजना तथा कार्यक्रममा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई रोजगार दिने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ ।

५. स्टार्टअप उद्यम कर्जा उपलब्ध गराउने सो सम्बन्धी कार्यविधि तयार भई कार्यान्वयनको चरणमा गएको छ । यसबाट थप रोजगारी सिर्जना हुने अनुमान छ ।

**प्रदेश र स्थानीय सरकारबाट सञ्चालित रोजगार कार्यक्रम**

१. मधेश प्रदेशका ग्रामीण क्षेत्रहरुमा पनि सडक तथा यातायातको आवश्यक पूर्वाधार बनाउनु ।

२. मधेश प्रदेशका ग्रामीण क्षेत्रहरुमा पनि विद्युतीयकरणको पहुँच बढाउनु ।

३. मधेश प्रदेशमा नियमित रुपमा विद्युत आपूर्तिको व्यवस्था गर्नु ।

४. प्रदेशमा डिजिटल सेवा प्रवाह तथा सो प्रणालीहरु विकासका लागि डिजिटल साक्षरता र इन्टरनेट सेवाको गुणस्तर बढाउनु ।

५. प्रदेशमा कृषि बाहेक अन्य क्षेत्रमा (जस्तैः उद्योग, व्यापार, सेवा) विकास गरी स्थानीय रोजगारीको अवसर सिर्जना गर्नु ।

## ६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

मधेश प्रदेशको भौगोलिक धरातललाई मध्यनजर गर्दा ठूला उद्योगहरू स्थापना गरी सोबाट आर्थिक गतिविधि बढाउनुका साथै रोजगारी सिर्जना हुने अवसर देखिन्छ । यसका साथै पूर्व-पश्चिम राजमार्ग विस्तार तथा काठमाडौंलाई तराईसँग जोड्ने फाष्ट ट्र्याक निर्माणको चरणमा रहेकोले यसबाट समेत रोजगारीका अवसर सिर्जना गर्न टेवा पुग्ने देखिन्छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरू तयार हुने नीतिगत निर्णय भइसकेको भएतापनि काम अघि बढ्न सकेको छैन । सुनकोशी मरिन डाईभर्शनलाई सर्लाही जिल्लाको बागमती सिँचाई आयोजनामा जोड्ने जस्ता ठूला पूर्वाधार आयोजना र हुलाकी राजमार्ग पनि निर्माणको चरणमा रहेको छ । तथापि, मधेश प्रदेशमा पूर्वाधार र रोजगारी क्षेत्रमा निम्नानुसार चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

### ६.३.१ चुनौतीहरू

१. मधेश प्रदेशमा निर्माण शुरु भएका आयोजना हुलाकी राजमार्ग, काठमाडौं–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकाभित्र सम्पन्न गर्नु ।

२. सञ्चालनमा आएका कार्यक्रमका लागि पर्याप्त बजेट व्यवस्था गर्नु ।

३. पूर्वाधार क्षेत्रको विकासमा निजी र वैदेशिक लगानी आकर्षित गरी मधेश प्रदेशलाई लगानीयोग्य क्षेत्रको रुपमा विकास गरी रोजगारी सिर्जना गर्नु ।

४. पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यवसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु ।

५. भारतीय सहयोगमा नेपाल रेलवे कम्पनीबाट जयनगर कुर्थासम्म सञ्चालन भईरहेको रेल सेवा सञ्चालनमा सेक्सन वर्कसप निर्माण नभएकोले मर्मतको लागि भारतको भर पर्नुपर्ने, तालिमप्राप्त स्वदेशी चालक तथा स्टेशन मास्टर जस्ता जनशक्तिहरु नभएकोले महँगो भारतीय जनशक्तिमा भर पर्नुपर्ने, नेपालमा Fueling Centre नभएकोले भारतमा सो सेवा लिँदा चर्को सेवा शुल्क तिर्नु पर्ने भएकोले ड्रममा बोकेर ल्याई इन्धन भर्नु पर्ने, Washingfeed (रेल धुने स्थान) नभएको, रेलको आकार (थोरै डब्बा) सानो भएकोले माग अनुसार सेवा दिन नसकेको जस्ता समस्याहरु समाधान गरी सहजरुपमा रेलसेवा सञ्चालन गर्नु ।

६. सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरू बाहेक अन्य ठूला उद्योगहरू सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु ।

७. अव्यवस्थित रुपमा बढ्ने शहरीकरणले औद्योगिक क्षेत्रको लागि चाहिने जग्गा उपलब्ध हुन सक्ने वातावरण नरहेकोले शहरीकरणलाई व्यवस्थित बनाउनु ।

८. मधेश प्रदेशमा मात्र रहेको रेलवे सेवाको शीघ्र विस्तार तथा प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दो रुपमा सञ्चालन गर्नु ।

९. पूर्व-पश्चिम राजमार्गको चौडाई विस्तार गर्ने काम शुरु भएकोमा सो काम समयमै सम्पन्न गर्नु ।

१०. निर्माण सम्पन्न भएका कमला बाँध, ढल्केबर जनकपुर सडक जस्ता पूर्वाधार आयोजनाहरूको समय समयमा मर्मत संभार गरी यसको दिगोपना कायम गर्नु ।

११. प्रदेश र स्थानीय तहमा बनेका भौतिक पूर्वाधारहरूको गुणस्तर कायम गरी दिगो रुपमा सञ्चालन गर्नु ।

१२. मधेश प्रदेशमा अनुकुल रहेका भौगोलिक स्वरुपको उपयोग गर्दै उत्पादनमुलक उद्योगहरूमा लगानी अभिवृद्धि गरी रोजगारी सिर्जना गर्नु ।

### ६.३.२ सम्भावनाहरु

१. मधेश प्रदेशको भौगोलिक बनावट समतल भू-भाग रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारको निर्माण तथा विकास हुन सक्ने सम्भावना रहेको देखिन्छ । साथै, कृषिजन्य उद्योगसँग सम्बन्धित पूर्वाधारको विकास तथा सेवाको विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

२. मधेश प्रदेशमा उपलब्ध भौगोलिक सुगमता तथा आर्थिक रुपले सक्रिय जनशक्तिको सदुपयोग गर्दै कृषि र उद्योगको विकासमार्फत पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

३. पर्यटन विकासका लागि अन्य भौतिक पूर्वाधारको विकास गरी पर्यटन क्षेत्रको प्रवर्द्धनमार्फत प्रादेशिक आय र रोजगारी बढाउन सकिने सम्भावना रहेको छ ।

४. समथल धरातलीय स्वरुप र भौगोलिक सुगमताको कारणले यहाँ ठूला विश्वविद्यालय तथा अस्पतालहरू स्थापना गरी रोजगारी सिर्जना गर्न र शिक्षा तथा स्वास्थ्य सेवा निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

५. सूचना प्रविधि क्षेत्रमा भएको तीव्र विकासको सदुपयोग गरी यहाँको जनसांख्यिकीय तथा भौगोलिक सुगमताको उच्चतम प्रयोग गरी औद्योगिक क्रियाकलापमार्फत आर्थिक वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

६. मुलुककै सबैभन्दा ठूलो सप्तकोशी नदी, मधेश प्रदेशको पूर्वी सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके मधेश प्रदेशको कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको छ ।

७. मधेश प्रदेशको राजधानी जनकपुरमा गुठी तथा सरकारी स्वामित्वका समतल १२ विघा जस्ता धेरै खुला जग्गा तथा मैदानहरू रहेकोमा हालसम्म यस्ता जमिनको सदुपयोग हुन नसकिरहेकोले त्यस्ता खुला स्थानहरूको पहिचान गरी फुटबल तथा क्रिकेट मैदान जस्ता संरचनाहरू तयार गरी उपयोग गर्न सक्ने सम्भावना रहेको छ ।

८. सीप विकास, व्यवसायिक तालिम, CTEVT सम्वद्ध शिक्षालय विस्तार गरी दक्ष जनशक्ति उत्पादन गरी स्थानीय उद्योग र सेवा क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

९. जनकपुरधाम, सप्तरीको छिन्नमस्ता, रामजानकी मन्दिर आदि पर्यटकीय स्थलहरुमा पर्यटन सेवा, गाइड, होटल, यातायात, हस्तकला जस्ता व्यवसायमार्फत रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

१०. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई नेपालको उद्यमशील युवा कार्यक्रम जस्ता योजनाहरुमार्फत उद्यम सञ्चालनको प्रशिक्षण र अनुदान दिई युवाहरुको सीप र पुँजी उपयोग गरेर स्वरोजगार बन्न प्रोत्साहन गर्न सकिने सम्भावना रहेको छ ।

११. प्रदेश सरकारले स्टार्टटप विकासका लागि नयाँ व्यवसायी सामाजिक उद्यम, अनलाइन सेवा जस्ता क्षेत्रहरुमा युवा पुस्तालाई आकर्षित गराउन सकिने सम्भावना रहेको छ ।

१२. भारतसँगको खुला सिमाना भएकोले सीमापार व्यापार, यातायात, सवारी साधन र पूर्वाधार विस्तार गर्ने सम्भावना रहेको छ ।

१३. प्रदेश सरकार र पालिकाहरूबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरूमा यन्त्र उपकरणको प्रयोगलाई निरुत्साहित गरी श्रममूलक रोजगारी सिर्जना गर्ने कार्यक्रम समावेश गर्ने सम्भावना रहेको छ ।

१४. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरी किसानहरूको उत्पादनमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विभिन्न अनुदान, सहुलियत सुविधा प्रदान गर्नुको साथै किसानहरूलाई विभिन्न किसिमका व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरी स्वरोजगारका अवसर सिर्जना गर्ने कार्यक्रम अघि बढाइएको छ ।

# परिच्छेदः ७ प्रादेशिक कार्यक्रम तथा योजना

### ७.१ मधेश प्रदेशको सरकारी वित्त स्थिति

१. आर्थिक वर्ष २०८१/८२ का लागि मधेश प्रदेश सरकारले कुल रु.४३ अर्ब ८९ करोड बजेट विनियोजन गरेकोमा पहिलो ६ महिनाको अवधिमा रु.२ अर्ब ४६ करोड खर्च भएको छ जुन कुल विनियोजनको ५.६१ प्रतिशत हो । आ.व. २०८०/८१ को पहिलो ६ महिनामा विनियोजन भएको बजेटको ६.६७ प्रतिशत खर्च भएको थियो ।

२. आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारले चालु खर्चतर्फ विनियोजन गरेको रु.१५ अर्ब ९९ करोडमध्ये २०८१ पुस मसान्तसम्म रु.२ अर्ब ९ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको १३.०८ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च १०.२१ प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजन भएको रु.२७ अर्ब ८९ करोडमध्ये समीक्षा अवधिको अन्तसम्म रु.३६ करोड ८० लाख खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको १.३२ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ४.१६ प्रतिशत रहेको थियो ।

३. आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक स्रोत र राजस्व बाँडफाँट गरी जम्मा रु.२२ अर्ब २ करोड, समानीकरणबाट रु. ७ अर्ब ७९ करोड परिचालन हुने अनुमान छ । २०८० पुस मसान्तसम्म आन्तरिक स्रोत र राजस्व बाँडफाँट गरी जम्मा करबाट रु. १५ अर्ब ७६ करोड, समानीकरणवापत अनुदानबाट रु.७ अर्ब ४१ करोड र गत आर्थिक वर्षको बचत रु.१२ अर्ब ९० करोड राजस्व परिचालन हुने अनुमान गरेको थियो ।

४. आर्थिक वर्ष २०८१/८२ मा मधेश प्रदेश सरकारले संघीय सरकारबाट सशर्त अनुदान रु.३ अर्ब ५५ करोड प्राप्त गर्ने अनुमान गरेको छ भने घाटा बजेट पूर्ति गर्न रु.२ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ। त्यस्तै, आ.व.२०८०/८१ मा समपूरक, विशेष र सशर्त गरी कुल रु.६ अर्ब ४ करोड अनुदान प्राप्त गरेको थियो भने घाटा बजेट पूर्ति गर्न रु.२ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको थियो ।

### ७.२ मधेश प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

१. आर्थिक वर्ष २०८१/८२ मा यस आर्थिक गतिविधि अध्ययन प्रतवेदनको लागि छनौट गरिएका मधेश प्रदेशका ५ वटा स्थानीय तहहरु (सिरहा नगरपालिका, कन्चनरुप नगरपालिका, हरिपुर्वा नगरपालिका, मलंगवा नगरपालिका, बागमती नगरपालिका र मिथिलाबिहारी नगरपालिका) ले विनियोजित कुल बजेट रु.३ अर्ब २४ करोड रहेको छ भने पहिलो ६ महिनाको अवधिमा रु.२ अर्ब १६ करोड खर्च भएको छ जुन विनियोजनको ६६.६६ प्रतिशत हुने अनुमान छ ।

२. आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहहरुले चालु खर्च तर्फ विनियोजन गरेको रु.२ अर्ब २६ करोडमध्ये रु.१ अर्ब ३० करोड खर्च भएको छ जुन विनियोजित चालु खर्चको ५७ प्रतिशत हो । गत आर्थिक बर्षको सोही अवधिमा यस्तो खर्च ३४.९० प्रतिशत रहेको थियो ।

३. आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहहरुले आन्तरिक स्रोत र राजस्व बाँडफाँट गरी जम्मा रु.६७ करोड ८० लाख र समानीकरणबाट रु.३३ करोड परिचालन हुने अनुमान गरेको छ ।

# परिच्छेदः ८ आर्थिक परिदृश्य

## ८.१ प्रदेशको आर्थिक परिदृश्य

प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, डिभिजन वन कार्यालय, उद्योगी/व्यवसायी तथा अन्य सरोकारवाला निकायहरूबाट आर्थिक परिदृश्यसम्बन्धी प्रश्नावलीमार्फत प्राप्त प्रतिक्रिया तथा जानकारीका आधारमा आर्थिक परिदृश्यको विश्लेषण गरिएको छ। यस विश्लेषणका आधारमा मधेश प्रदेशमा कृषि र सेवा क्षेत्रको गतिविधि चालु आर्थिक वर्षको बाँकी ६ महिनाको अवधि तथा आगामी आर्थिक वर्षहरूमा बढ्दै जाने अनुमान रहेको छ। आन्तरिक मागमा कमी आएका कारणले उद्योगक्षेत्रको गतिविधि चालु आ.व.को बाँकी ६ महिनामा पनि सुस्त रहने देखिन्छ। विकास निर्माणलगायत भौतिक पूर्वाधारको क्षेत्रमा लक्ष्य अनुरुप प्रगति हुन नसकेकोले पुँजीगत खर्च अपेक्षित रुपमा हुन नसक्ने र आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको आर्थिक वृद्धिदर सामान्य रहने अनुमान छ।

### ८.१.१ कृषि क्षेत्र

अनुकुल मौसम, उन्नत बिउ बिजनको प्रयोग, सिँचाई प्रणालीको विस्तार, कृषि मलको सहज उपलब्धता, "कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार" नामक अभियान सञ्चालनका लागि प्रदेश सरकारद्वारा बजेट विनियोजन, "बिउ बिजन आत्मनिर्भर" कार्यक्रमको लागि प्रदेश सरकारद्वारा बजेट विनियोजन, किसानहरुको क्षमता विकास कार्यक्रम सञ्चालन, महिला कृषि स्वयम् सेविका परिचालन, एक पालिका एक एग्रोभेट कार्यक्रम सञ्चालन, एक पालिका एक कृषि उत्कृष्टता केन्द्रको स्थापनाका लागि बजेट विनियोजन लगायतका कारण आगामी समयमा कृषि उत्पादन बढ्ने अनुमान छ।

### ८.१.२ औद्योगिक क्षेत्र

युवा स्वरोजगार अभिवृद्धि गर्न उद्यमशिलता तालिमसँगै स्टार्ट-अप पुँजी र सीप विकास तालिमको लागि मधेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा बजेट व्यवस्था गरेकोले व्यवसाय र रोजगारी प्रवर्द्धनमा सहयोग पुग्ने देखिएको, वैदेशिक रोजगारीबाट स्वदेश फिर्ता आएका श्रमिकहरुले भित्र्याएका सीप, अनुभव, विप्रेषणको उचित प्रयोग गर्ने वातावरण तयार गर्न "स्वरोजगार कार्यक्रम" सञ्चालन गर्नका लागि प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेटमा रकम विनियोजन गरेको, लघु, घरेलु, साना, मझौला उद्यम व्यवसायमार्फत आन्तरिक स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकारले "मधेश स्टार्ट-अप र नवप्रवर्तन केन्द्र" स्थापनाका लागि आर्थिक वर्ष २०८१/८२ को बजेटमा रकम विनियोजन गरेको, विशेष आर्थिक क्षेत्रको स्थापना गर्ने एवम् मधेशमा उद्योगमैत्री वातावरण सृजना गरी उद्योग र रोजगार अभिवृद्धि गर्न प्रदेश सरकारद्वारा आवश्यक व्यवस्था गरेको लगायतका कारण आगामी समयमा नयाँनयाँ व्यवसाय तथा उद्यम सञ्चालनमा आई थप रोजगारी तथा आर्थिक गतिविधि बढ्ने, औद्योगिक उत्पादनमा सुधार आई समग्र उद्योग क्षेत्र विस्तार हुने अनुमान छ।

### ८.१.३ सेवा क्षेत्र

होटल तथा रेष्टुरेन्टहरूको व्यवसाय विस्तार हुन थालेको, आन्तरिक पर्यटकीय गतिविधि बढ्न थालेको, हवाई तथा स्थलमार्गका यात्रु संख्या बढेको, भारत तथा तेस्रो मुलुकबाट आउने पर्यटकहरूको संख्या बढ्न थालेको, "घुमौं मधेश बुझौं मधेश" भन्ने मूल नाराका साथ २०८२ लाई पर्यटन वर्षको रुपमा मनाउने घोषणा, प्रदेश सरकारले पर्यटन सूचना केन्द्र तथा पर्यटक विश्रामस्थलहरुको लागि आवश्यक रकम विनियोजन गरेको, पर्यटन क्षेत्रमा जनशक्ति विकासका लागि होटल व्यवस्थापन तालिम, टुर गाईड तालिम, होमस्टे तालिम सञ्चालन तथा होमस्टेका लागि प्रविधि हस्तान्तरण तथा साँस्कृतिक पर्यटनको लागि मिथिला साँस्कृतिक कार्यक्रम एवम् सामग्री प्रदान गर्न आर्थिक वर्ष २०८१/८२ मा बजेट विनियोजन गरेको, थोक तथा खुद्रा व्यापारले गति लिएको, स्वास्थ्य संस्था तथा विद्यालयहरू पूर्णरुपमा सञ्चालनमा आएको, भरत तालले स्वदेशी तथा भारतीय पर्यटकहरू आकर्षित गरेको, जयनगर-जनकपुर-कुर्था रेल्वको विस्तार हुनुका

साथै कार्गो पनि सञ्चालनमा ल्याउने योजना रहेको लगायतका कारणले आगामी समयमा मधेश प्रदेशमा यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य तथा वित्तीय सेवा लगायत समग्र सेवा क्षेत्र विस्तार हुने अनुमान छ ।

### ८.१.४ पूर्वाधार क्षेत्र

भौतिक पूर्वाधार क्षेत्रअन्तर्गत जयनगर भंगहा रेलवे सञ्चालनमा आई वर्दिवाससम्मको बाँकी खण्ड निर्माण हुने क्रममा रहेको, हुलाकी राजमार्गको बाँकी काम निर्माणको क्रममा रहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई सरकारले कार्यक्रम तथा बजेटको माध्यमबाट प्राथमिकतामा राखेको, पूर्व-पश्चिम लोकमार्गअन्तर्गत सिरहा-सप्तरी खण्डको विस्तार कार्य तीव्र गतिमा अगाडि बढिरहेको, हुलाकी राजमार्ग पनि तीव्र रुपमा विस्तार भइरहेको, सुनकोशी मरिन डाईभर्शन परियोजनाको काम अघि बढिरहेको लगायतका कारणले आगामी आर्थिक वर्षमा पूर्वाधारको क्षेत्र विस्तार हुने देखिन्छ ।